मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

**रेशमलाल चौधरीको रिटमा अन्तरिम आदेश दिन अस्वीकार**

समाचार पृष्ठ ५ मा



● वर्ष ४ ● अंक ७२ ● २०८२ साल माघ १२ गते सोमबार ● Monday 26, January 2026 ● सूर्योदय: बिहान ०६:५४ बजे ● सूर्यास्त: साँझ ५:४० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## गगन थापा र नारायणकाजी श्रेष्ठले किन रोजे मधेश ?





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेशका कैयौँ निर्वाचन क्षेत्रमा प्रभावशाली नेता फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि चुनावी मैदानमा उत्रिएका छन् । तर तीमध्ये सबैभन्दा बढी चर्चा नेपाली कांग्रेसका सभापति गगन थापा र नेपाल कम्युनिष्ट पार्टी (नेकपा)का नेता नारायणकाजी श्रेष्ठको उम्मेदवारीलाई लिएर भइरहेको छ ।
कांग्रेस सभापति थापा आफ्नो प्रभाव क्षेत्र मानिएको काठमाडौँ निर्वाचन क्षेत्र–४ छाडेर सर्लाही निर्वाचन क्षेत्र–४ बाट चुनावी प्रतिस्पर्धामा उत्रिएका छन् । त्यस्तै, नेकपा नेता श्रेष्ठ पनि सर्लाही निर्वाचन क्षेत्र–३ बाट प्रतिनिधिसभा निर्वाचन लड्दैछन् ।
श्रेष्ठ यसअघि मकवानपुर र गोरखाबाट प्रत्यक्ष निर्वाचनमा पराजित भएका थिए । पछि राष्ट्रियसभा सदस्य बनेका उनी यसपटक प्रतिनिधिसभा निर्वाचन लड्न राष्ट्रियसभाबाट राजीनामा दिएर सर्लाही–३ पुगेका हुन् ।
कांग्रेस सभापति थापा र नेकपाका नेता श्रेष्ठले चुनाव लड्नका लागि मधेशकै क्षेत्र किन रोजे भन्ने विषयमा अहिले मधेशमा व्यापक चर्चा–परिचर्चा भइरहेको छ ।
यसअघि पनि नेताहरू चुनाव लड्न मधेश झरेका उदाहरण छैनन् भन्ने होइन । पूर्वप्रधानमन्त्री एवम् कांग्रेसका दिवंगत नेता कृष्णप्रसाद भट्टराई पर्साबाट तथा पूर्व प्रधानमन्त्री एवम् तत्कालीन नेकपाका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ मधेशकै विभिन्न क्षेत्रबाट चुनाव लडेको इतिहास छ ।
तर, त्यतिबेला एकभन्दा बढी निर्वाचन क्षेत्रबाट उम्मेदवारी दिन पाउने व्यवस्था थियो, जुन अहिले छैन । यस्तो अवस्थामा पनि यी दुई नेता किन मधेशलाई नै रोजे ? उनीहरूका लागि यी निर्वाचन क्षेत्र कति सुरक्षित होला भन्ने प्रश्नले राजनीतिक बहसलाई थप चर्काएको छ ।
राजनीतिक विश्लेषकहरूका अनुसार थापा र श्रेष्ठ आफूलाई राष्ट्रियस्तरको नेता रूपमा स्थापित गर्न तथा राजनीतिक संरक्षण खोज्दै मधेश झरेको हुन सक्ने बताउँछन् ।
राजनीतिक विश्लेषक डा. भोगेन्द्र झाले गगन थापा वा नारायणकाजी श्रेष्ठजस्ता राष्ट्रिय नेताहरू मधेश झर्नुलाई सकारात्मक रूपमा लिनुपर्ने धारणा राखे । उनले भने, ‘यी दुई नेता राष्ट्रियस्तरका हुन् । यदि मधेशका जनताको हितमा काम गर्न यहाँ आउनुभएको हो भने स्वागत हुनुपर्छ । तर यदि प्रयोगका लागि मात्र आउनुभएको हो भने त्यसको परिणाम पनि यहीँका जनताले देखाउनेछन् ।’
डा. झाले यी नेताहरू कुनै एक

बाँकी पृष्ठ २ मा

## राजेन्द्र महतोको पार्टी सचिवसहित २२ जनाको राजीनामा





**मधेशदृष्टि**
**जनकपुरधाम ।**
राजेन्द्र महतो नेतृत्वको राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता तथा कार्यकर्ताले पार्टी परित्याग गर्ने घोषणा गरेका छन् । दलगत संकीर्णता र व्यक्ति केन्द्रित राजनीतिले देश गम्भीर संकटमा परेको ठहर गर्दै उनीहरुले नयाँ राजनीतिक यात्रामा अघि बढ्ने बताएका छन् ।
राष्ट्रिय मुक्ति पार्टी छोड्नेहरुमा केन्द्रीय सचिव संजय सिंह, केन्द्रीय अनुशासन विभागका अध्यक्ष संजय चौधरी, केन्द्रीय सदस्य विजयकुमार राय सहित २२ जना नेता कार्यकर्ताहरुले पार्टी परित्याग गरेका हुन् ।
उनीहरुले संयुक्त विज्ञप्ति जारी गर्दै पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।
संयुक्त विज्ञप्तिमा भनिएको छ, ‘यस्तो परिस्थितिमा पार्टीगत आवरणभन्दा माथि उठी देश, जनता, विधिको शासन र वृहत्तर लोकतान्त्रिक राजनीतिक एकताको आवश्यकता अपरिहार्य बनेको छ भन्ने ठोस मान्यतासहित, राजेन्द्र महतोको नेतृत्वमा रहेको ‘राष्ट्रिय मुक्ति पार्टी नेपाल’ परित्याग गर्ने निर्णयमा हामी तपसीलमा उल्लेखित नेता तथा कार्यकर्ताहरू सामूहिक रूपमा पुगेका छौँ ।’
‘अब हामी यथास्थितिवादी, विभाजनकारी तथा जनआकांक्षाविरोधी राजनीतिबाट अलग हुँदै, देशको सार्वभौमिकता, लोकतन्त्र र नागरिक अधिकारको पक्षमा दृढतापूर्वक उभिने नयाँ राजनीतिक यात्राको घोषणा गर्दछौँ । नयाँ राजनीतिक यात्रा केही दिनभित्र औपचारिकरूपमा सार्वजनिक गरिनेछ,’ विज्ञप्तिमा भनिएको छ ।

## सर्लाहीका १५८ मतदान स्थल अति सम्वेदनशील

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै जिल्ला सुरक्षा समिति सर्लाहीले जिल्लाका मतदानस्थलहरूको स्थलगत निरीक्षण सुरु गरेको छ ।
प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाको नेतृत्वमा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरू निरीक्षणमा खटिएका हुन् ।
जिल्ला निर्वाचन कार्यालयका अनुसार निर्वाचन क्षेत्र नम्बर–४ मा रहेका ८१ वटै मतदानस्थललाई सुरक्षाको दृष्टिले अति संवेदनशील सूचीमा राखिएको छ । सोही क्षेत्रबाट नेपाली कांग्रेसका सभापति गगनकुमार थापा प्रतिनिधिसभा सदस्यका उम्मेदवार बनेका छन् ।
भारतसँग सीमा जोडिएका क्षेत्रमा सुरक्षा चुनौती देखिएकाले ती स्थानका मतदानस्थललाई प्राथमिकतामा राखेर अनुगमन सुरु गरिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रमुख एसपी योगेन्द्रकुमार खड्काले जानकारी दिए ।
‘हालसम्म गरिएको निरीक्षणमा सुरक्षा अवस्था सामान्य देखिएको छ,’ उनले भने, ‘प्रमुख राजनीतिक दलका प्रभावशाली उम्मेदवारहरू भएकाले पनि सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाइएको छ ।’
एसपी खड्काका अनुसार जिल्लाभर रहेका कुल ३ सय १२ मतदानस्थलमध्ये १ सय ५८ वटा अति संवेदनशील र १ सय ३१ वटा संवेदनशीलको सूचीमा परेका छन् । निर्वाचन क्षेत्र नम्बर–४ राजनीतिक रूपमा पनि चासोको केन्द्र बनेको छ । कांग्रेस सभापति थापाको उम्मेदवारीसँगै यहाँको चुनावी प्रतिस्पर्धा थप रोचक बनेको छ ।
२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा विजयी भएका अमरेशकुमार सिंह यसपटक राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को तर्फबाट चुनावी मैदानमा उत्रिएका छन् ।

## ऐलानी जग्गा विवादको कुटपिटमा मृत्यु

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सिरहाको कर्जन्हा नगरपालिका–१० स्थित मन्हर्वा चोकमा ऐलानी जग्गा विवादका क्रममा कुटपिट हुँदा ५० वर्षीय मुदिन सेखाको मृत्यु भएको छ । करिब ३५ वर्षदेखि यस स्थानमा बसोबास गर्दै आएका सेखको झगडापछि ज्यान गएको हो ।
स्थानीय सुमना खातुनका अनुसार ऐलानी जग्गाको स्वामित्व विवादका कारण उत्पन्न झगडामा कुटपिट भएपछि सेख गम्भीर घाइते भएका थिए । उपचारक्रममा उनको मृत्यु भएको जनाइएको छ । मृतक मुदिन सेखाका दुई छोरा र एक छोरी छन् ।
पीडित परिवारले आफूहरू लामो समयदेखि ऐलानी जग्गामा बसोबास गर्दै आएको दाबी गरेका छन् । तर परिवारकै एक सदस्यका अनुसार करिब पाँच धुर ऐलानी जग्गामा बनेको घरलाई लिएर निजी स्वार्थका कारण भरोसी महतोसहित केही व्यक्तिले मुदिन सेखमाथि कुटपिट गरेको आरोप लगाइएको छ । परिवारजनले घटनामा प्रहरीको संरक्षणसमेत रहेको गम्भीर आरोप गरेका छन् ।
घटनामा संलग्न दोषीलाई तत्काल पक्राउ गरी कडा कानूनी कारबाही गर्नुपर्ने तथा मृतक परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने माग राख्दै पीडित पक्ष र स्थानीयवासी पूर्व–पश्चिम राजमार्गमा उत्रेर आन्दोलनमा सहभागी भएका छन् । प्रदर्शनका कारण केही समय राजमार्गमा यातायात आवागमन प्रभावित भएको थियो ।
यस सम्बन्धमा इलाका प्रहरी कार्यालय मिर्चैयाले घटनामा संलग्न दोषीमाथि कडा कारबाही गरिने प्रतिबद्धता व्यक्त गर्दै घटनाको विषयमा आवश्यक अनुसन्धान भइरहेको जानकारी दिएको छ ।


सत्यमेव जयते
भारतका महावाणिज्य दूतावास
बीरगंज (नेपाल)



श्री देवी सहाय मीना
महावाणिज्यदूत

भारतको ७७ औं गणतन्त्र दिवसको शुभ अवसरमा बीरगंज (नेपाल) स्थित भारतीय महावाणिज्य दूतावासको तर्फबाट, म, नेपालमा रहेका भारतीय समुदाय र भारतका मित्रहरूलाई हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। महावाणिज्य दूतावास द्वारा हालैका दिनहरूमा नेपाल-भारत सांस्कृतिक साँझ, नेपाल-भारत मैत्री क्रिकेट खेल, राजस्थानी कालबेलिया नृत्य प्रस्तुति, ओडिसी नृत्य प्रस्तुति, गजल साँझ, अन्तर्राष्ट्रिय योग दिवस, विश्व वातावरण दिवस र विश्व रक्तदाता दिवस जस्ता महत्त्वपूर्ण अवसरहरू मनाउन उपयुक्त कार्यक्रमहरू पनि आयोजना गरिय, जसमा ठूलो संख्यामा मानिसहरू उपस्थित हुनुभयो। भारतीय महावाणिज्य दूतावास कार्यक्रमहरूमा भाग लिने र सफल बनाउने सबैलाई धन्यवाद व्यक्त गर्दछ। वातावरण संरक्षणको बारेमा जनचेतना जगाउने उद्देश्यले महावाणिज्य दूतावासले विभिन्न संघसंस्थाहरू, गैरसरकारी संस्थाहरू, विद्यालयहरू र अन्य संस्थाहरूसँगको सहकार्यमा समय-समयमा धेरै वृक्षारोपण अभियानहरू पनि आयोजना गर्दै आएको छ।

2. भारतीय महावाणिज्य दूतावास, दुई देशहरू बीचको द्विपक्षीय व्यापार विकास र सहजीकरण गर्न विभिन्न सरोकारवालाहरूसँग काम गर्दछौँ। द्विपक्षीय सम्बन्धलाई अगाडि बढाउनका लागि दुई देशहरू बीच नियमित उच्च-स्तरीय आदानप्रदानहरू भएका छन्, जसले दुई देशहरू बीचको घनिष्ठ र मैत्रीपूर्ण सम्बन्धलाई पुन: पुष्टि गर्दछ, जुन ऐतिहासिक, सांस्कृतिक, सभ्यतागत र जन-जन बीचको सम्बन्धमा गहिरो रूपमा बसेको छ। हालका वर्षहरूमा द्विपक्षीय सहयोगले उल्लेखनीय प्रगति गरेको छ, विशेष गरी कनेक्टिभिटीका विभिन्न क्षेत्रहरूमा - भौतिक, डिजिटल, ऊर्जा, साथै जन-जन बीचको जुडाव, जुन की सडक, पुल, एकीकृत जाँच चौकी, सीमापार रेलवे र पेट्रोलियम पाइपलाइनहरूसँग सम्बन्धित पूर्वाधार परियोजनाहरूको निरन्तर कार्यान्वयनमा प्रकट भएको छ।
3. भारत सरकार, शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास, विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्नुका साथै नदी तटबन्ध, एकीकृत जाँच चौकी र रेलवे कनेक्टिभिटी निर्माण जस्ता क्षेत्रमा नेपाली जनतालाई सहयोग र समर्थन प्रदान गर्न प्रतिबद्ध छ। विभिन्न क्षेत्रहरूमा धेरै उच्च प्रभाव सामुदायिक विकास परियोजनाहरू (HICPDs) पनि कार्यान्वयन भइरहेका छन्।
4. भारत र नेपाल बीचको सम्बन्ध विश्वमै अद्वितीय छ। भारत र नेपालका साझा सांस्कृतिक, धार्मिक र सामाजिक सम्पदा विरासत हुन। दुवै देश बीच प्राचीन कालदेखि नै गहिरो, मैत्रीपूर्ण सम्बन्धको रहँदै आएको छ। हाम्रा साझा परम्पराहरूले दुवै देशका जनतालाई बलियोसँग जोडेका छन्। महावाणिज्य दूतावास, विभिन्न पहलहरू मार्फत यी सम्बन्धहरूलाई अझ उचाइमा पुऱ्याउन प्रयासरत छ।
5. भारत आज तीव्र गतिले वृद्धि र विकास गरिरहेको छ र विभिन्न क्षेत्रहरूमा उल्लेखनीय प्रगति गरेको छ। भारत हाल विश्वको चौथो ठूलो अर्थतन्त्र हो र २०२७ सम्ममा तेस्रो ठूलो बन्ने अपेक्षा गरिएको छ। भारतको अर्थतन्त्र विश्वको सबैभन्दा छिटो बढ्दो प्रमुख अर्थतन्त्रहरू मध्ये एक हो, चालू आर्थिक वर्ष (२०२५-२६) को दोस्रो त्रैमासिकमा वास्तविक GDP वृद्धि ८.२% रहेको थियो। भारतको अर्थतन्त्र आज ४ ट्रिलियन अमेरिकी डलरबाट बढेर २०३५ सम्ममा १० ट्रिलियन अमेरिकी डलरभन्दा बढी हुने अपेक्षा गरिएको छ। महावाणिज्य दूतावास भारत र नेपाल बीचको व्यापार र आर्थिक सम्बन्धलाई अझ सुदृढ पार्न प्रतिबद्ध छ। भारत नेपालको सबैभन्दा ठूलो व्यापारिक साझेदार हुनुको साथै पर्यटक र लगानीको प्रमुख स्रोत पनि हो। भारतले आफ्नो "छिमेकी पहिलो" नीति अन्तर्गत नेपालसँगको सम्बन्धलाई ठूलो महत्त्व दिन्छ र विभिन्न पहलहरू मार्फत नेपाललाई सहयोग र समर्थन प्रदान गर्न जारी राख्नेछ।

जय हिंद!

बीरगंज (नेपाल)
26 जनवरी 2026

# रामेश्वर यादवले गरे कांग्रेस पार्टी परित्याग

**राकेश यादव**
**रौतहट ।**
नेपाली कांग्रेसका रामेश्वर प्रसाद यादवले आइतवार पार्टी परित्याग गरेको औपचारिक रुपमा घोषणा गरेका छन् ।
रौतहट जिल्लाको सदरमुकाम गौर स्थित आफ्नै निवासमा दिउसो ३ बजेको समयमा पत्रकार सम्मेलन गरि यादवले नेपाली कांग्रेस पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।
नेपालमा बिभिन्न समयमा भएको परिवर्तनको आन्दोलनमा नेपाली कांग्रेसको समर्थनमा अहम भूमिका निर्वाह गर्दै आएको यादवले नेपाली कांग्रेसका सभापति गगन कुमार थापाले पुर्व सभापति शेर बहादुर देउवाको शैली अपनाएको आरोप लगाउदै पार्टी परित्याग गरेका हुन् ।
भ्रष्टाचार र कुसाशनको बिरुद्ध गत भदौ २३ र २४ गते युवा पुस्ताले गरेको परिवर्तनको संघर्षलाइ पार्टी सभापति थापाले आत्मसात नगर्दै पार्टी बाहिरका व्यक्तिलाई फागुन २१ गते हुने प्रतिनिधि



सभा सदस्यको निर्वाचनको लागि नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष अनिल कुमार झालाई उम्मेदवार बनाएको भन्दै असन्तुस्टी समेत व्यक्त गरेका छन् ।
यादवले देश परिवर्तनको दिशामा अगाडी बढी रहेको बेला पार्टी सभापति थापा आफ्नो समर्थकको कुरामा लागेर देउवा पक्षका कार्यकर्तालाई पाखा लगाउने कार्य गरेको टिप्पणी गरे । बिशेष महाधिवेशनमा पार्टी लास र दासको नभएको अभिव्यक्ति दिने थापाले पार्टी क्षेत्रीय कार्यसमिति र जिल्ला कार्य समिति रौतहटले सिफारिस गरेका व्यक्ति बाहेकलाई उम्मेदवार बनाएको उल्लेख गर्दै पार्टी भित्र गुटबन्दीको खेल शुरु भएको बताए ।
प्रतिनिधिसभा सदस्य निर्वाचनको उम्मेदवारको लागि क्षेत्रीय कार्य समितिले पुस ४ गते मुख्यमन्त्री कृष्ण प्रसाद यादव, रामेश्वर प्रसाद यादव, नितेश कुमार गुप्ता र सन्तु यादवको नाम सिफारिस गरेको थियो । पार्टीले बाहिरबाट उम्मेदवार बनाएपछि पार्टीका इमान्दार कार्यकर्ताहरु भित्रि मनबाट दुखित् बनेको उनको भनाई छ ।
पार्टी परित्याग गरेका यादवले औपचारिक रुपमा अन्य कुनै पार्टीमा प्रवेश नगर्ने भनेपनि परिवर्तनको पक्षमा सहयोग गर्ने बताए ।
देशमा बालेन साहको पक्षमा जनलहर बढ्दै गएको देखेर नयाँ युवा पुस्ताको पक्षमा खुलेर समर्थन गर्ने उनको भनाइ छ ।

# मलङ्गवामा दादुरा सङ्क्रमण फैलियो

**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाही जिल्लाको मलङ्गवा नगरपालिका–३ मा दादुराको सङ्क्रमण फैलिएको छ । मलङ्गवा–३ मा दादुरा सङ्क्रमणबाट प्रभावित सात जना रहेका छन् । जिल्ला जन स्वास्थ्य कार्यालयका सर्लाहीका प्रमुख डा. नवलकिशोर झाका अनुसार दादुराको सङ्क्रमणको आशङ्का गरिएका २२ जनालाई उनीहरुकै घरमा निगरानीमा राखिएको छ।
दादुरा रोग तीव्रगतिमा फैलिने भएकाले यसबाट जोगिन आवश्यक सतर्कता अपनाउन स्वास्थ्य कार्यालयले मलङ्गवावासीसँग अनुरोध गरेको छ । दादुरा रोगबाट बालबालिकालाई बचाउन र थप सङ्क्रमण फैलिन नदिन भोलिदेखि ४ दिनसम्म मलङ्गवामा विशेष खोप अभियान सञ्चालन गरिने प्रमुख डा. झाले बताए । अभियान अन्तर्गत मलङ्गवा–३, २, ४, ८, ९ र १० वडाका ६ महिनादेखि १४ वर्ष उमेर समूहका बालबालिकालाई दादुराविरुद्धको खोप प्रदान गरिने मलङ्गवा नगरपालिका स्वास्थ्य शाखाले जनाएको छ।

# १० हजार बढि मतले विजयी हुने यादवको दाबी



**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा क्षेत्र नम्बर १ का नेकपा (एमाले) उम्मेदवार प्रदीप यादवले यसपटकको निर्वाचनमा आफू १० हजारभन्दा बढी मतान्तरले विजयी हुने दाबी गरेका छन्।
शनिबार जनकपुरमा नेकपा (एमाले) द्वारा आयोजित मधेस प्रदेशका उम्मेदवारहरूको परिचयात्मक तथा शुभकामना आदान–प्रदान कार्यक्रममा सम्बोधन गर्दै यादवले पर्सा–१ मा पार्टीको अवस्था अत्यन्तै मजबुत बन्दै गएको दाबी गरे । पूर्वमन्त्रीसमेत रहेका यादवले अघिल्ला निर्वाचन परिणाम स्मरण गर्दै भने, '२०७४ मा करिब पाँच हजार मतान्तरले विजयी भएँ, २०७९ मा करिब सत्र सय मतले जितेँ। अब यसपटक भने १० हजारभन्दा बढी मतले जित्नेमा विश्वस्त छु।'
उनले पर्सा–१ मा एमालेको संगठनात्मक अवस्था निकै सुदृढ बनेको उल्लेख गर्दै महानगरका मेयर, जिल्ला समन्वय समितिका प्रमुख तथा महानगरका सात वडाका वडाध्यक्षसहित विभिन्न व्यक्तित्व एमालेमा प्रवेश गरेको कारण पार्टी थप बलियो बनेको बताए । 'अहिले पर्सा–१ मा एमालेभित्र कुनै समस्या छैन, सबै नेताकार्यकर्ता एकजुट छन्,' उनले भने।
यादवका अनुसार पार्टीका सम्पूर्ण पंक्ति एकढिक्का भएर मैदानमा उत्रिएका कारण कार्यकर्ता र समर्थकहरूमा नयाँ ऊर्जा र उत्साह थपिएको छ । कार्यक्रममा पर्सा क्षेत्र नम्बर २ की उम्मेदवार रिमा यादव, क्षेत्र नम्बर ३ का उम्मेदवार रुपेश पाण्डे तथा क्षेत्र नम्बर ४ का उम्मेदवार जालिम मियाँ मन्सुरीको पनि सहभागिता रहेको थियो।

# ओझेलमा परेको ऐतिहासिक रिसेडीकोट

**कञ्चनपुर ।**
तत्कालीन कार्तिकेयपुर (कत्युर) राजवंशको शासनकालमा राजनीतिक, प्रशासनिक, सैनिक तथा धार्मिक गतिविधिको केन्द्रका रूपमा स्थापित रिसेडीकोट संरक्षणको अभाव, मानव लापरबाही, द्वन्द्वकालीन क्षति र प्राकृतिक क्षयका कारण गम्भीर सङ्कटमा परेको छ । डोटी जिल्लाको बडीकेदार गाउँपालिका–१ अन्तर्गत पर्ने रिसेडी गाउँमा रहेको रिसेडीकोट नेपालको मध्यकालीन इतिहाससँग प्रत्यक्ष रूपमा जोडिएको एक प्रमुख ऐतिहासिक केन्द्र हो ।
डोटी क्षेत्रको इतिहास, धर्म, संस्कृति र रिसेडीकोटसम्बन्धी लामो समयदेखि अध्ययन अनुसन्धान गर्दै आउनुभएका स्थानीय लालबहादुर बम रजवारका अनुसार रिसेडीकोट चौधौँ शताब्दीको सुरुआतमा कार्तिकेयपुर राजवंशका शक्तिशाली राजा त्रिलोक्य पाल, निरयपालको शासनकालमा विकसित भएको हो । डोटी रैका राज्यकालमा रिसेडी बोगटान राज्यको राजधानीका रूपमा स्थापित थियो ।
त्यस समयमा यहाँबाट शासन सञ्चालन, कर सङ्कलन, न्याय सम्पादन, सैन्य रणनीति निर्माण तथा धार्मिक अनुष्ठान सम्पन्न हुने गर्थे । पछि गोर्खा राज्यको एकीकरणपछि पनि रिसेडीकोटको प्रशासनिक महत्व कायमै रहेको प्रमाण ऐतिहासिक दस्तावेज, ताम्रपत्र, हलबन्दी मानाचामल, ठेक–कचहरीका कागजात तथा मौखिक इतिहासमा पाइने गरेको बम रजवार बताउँछन् । 'विसं २०४१ सम्म पनि रिसेडीकोटमा रहेको कोटघर अर्थात् दरबारका पर्खालहरू पाँचदेखि छ फिटसम्म उचाइमा सुरक्षित थिए,' स्थानीय ५२ वर्षीय प्रेमबहादुर बोहराले भने, 'कोट क्षेत्रभित्र र वरपर सैनिक निगरानीका लागि बनाइएका पर्खाल, प्रवेशद्वार, सुरक्षात्मक टावर, राजाको घोडा बाँध्ने ढुङ्गे किल्ला(खम्मा), तथा भण्डारण कक्षका अवशेषहरू देखिन्थे, कोट नजिकै रहेको धर्म घरमा वाचा–कबोल गराउने, शरण लिन आउने यात्रु तथा स्थानीय बासिन्दा आश्रय लिने गर्दथे ।'
'रानीले स्नान गर्ने मङ्ग्रौ (ढुङ्गेधारा), ऐतिहासिक आधादर्जन नौला, देवल, राजसभास्थल, प्रशासनिक कोठा, सैनिक अभ्यासस्थल तथा धार्मिक पूजास्थलका संरचना स्पष्ट रूपमा चिन्न सकिन्थ्यो, तर समयमै संरक्षण नहुँदा र सरकारी निकायको उदासीनताका कारण ती संरचना क्रमशः क्षय हुँदै गएका छन्,' ७८ वर्षका स्थानीय हर्कबहादुर देउवाले भने ।
'विसं २०४१ मा त्यस नजिक स्थापना गरिएको लक्ष्मी माध्यमिक विद्यालयको भवन निर्माणका क्रममा कोट क्षेत्रका पुरातात्विक संरचना योजनाविहीन रूपमा भत्काइए,' स्थानीय मुखिया प्रेमबहादुर बोहराले भने, 'काटिएका ढुङ्गा भएकाले भवनमा लगाउन सजिलो हुने भन्दै त्यसबेलाको विद्यालय व्यवस्थापन समिति र विद्यालय प्रशासनले ढुङ्गा बोकाएर लगेका हुन् ।'
पुरातात्विक महत्व नबुझ्दा कोट, धर्मघर र नौलाबाट निकालिएका ढुङ्गा विद्यालय भवन निर्माणमा प्रयोग गरिएको उनको भनाइ छ । 'यसले रिसेडीकोटका अमूल्य संरचना सधैँका लागि नष्ट भयो, जुन आजको दृष्टिले हेर्दा गम्भीर ऐतिहासिक भूलका रूपमा लिन सकिन्छ,' उन भन्छन् । तत्कालीन सशस्त्र द्वन्द्वका बेला रिसेडीकोटको अवस्थालाई झनै कमजोर बनायो । सामन्ती र राजतन्त्रको इतिहास मेटाउनुपर्छ भन्ने नाराको आडमा यहाँका बाँकी संरचना तोडफोड गरिएपछि यस क्षेत्रले अपूर्णीय क्षति व्यहोर्नु परेको उनको भनाइ छ ।
विसं २०६२ सम्म देख्न सकिने र फोटो दस्तावेजका रुपमा रहेका ऐतिहासिक नौलाहरू पनि आज लोप हुने क्रममा छन् । 'राज्यको बेवास्ता र द्वन्द्वकालीन परिवेशले रिसेडीकोटको ऐतिहासिकस्वरूपलाई गहिरो चोट पु¥याएको छ,' स्थानीय धनबहादुर बम रजवारले भने । रिसेडीकोट कार्तिकेयपुर राजवंशको केबल प्रशासनिक केन्द्र मात्र नभई रणनीतिक दृष्टिले पनि अत्यन्त महत्वपूर्ण किल्ला रहेको पूर्वशिक्षकसमेत रहेका स्थानीय ७२ वर्षीय नरबहादुर बोहराले बताए ।
इतिहास अध्ययनकर्ता लालबहादुर बम रजवारका अनुसार दार्चुलाको उकु कोट, डडेल्धुराको अजयमेरु कोट, निरोली कोट र रिसेडीकोट एकापसमा सम्बन्धित राजमुकाम तथा सुरक्षा किल्ला थिए, उकु कोट ग्रीष्मकालीन राजधानी, अजयमेरुकोट शीतकालीन राजधानी र रिसेडीकोट दुवै मौसममा प्रयोग हुने मुख्य प्रशासनिक केन्द्र थियो ।
तत्कालीन डोटी राज्यका राजा जगतीपाल, राजा त्रिलोक्य पाल र राजा निरयपालको शासनकालमा रिसेडीकोटबाट विभिन्न स्थानमा ताम्रपत्र जारी गरिएको प्रमाण रहेको सोधकर्ता बम बताउँछन् । 'शाके १२३५ को जग्गादान ताम्रपत्र डडेल्धुरा थपलाका कश्यप गोत्रीय पाण्डेय ब्राह्मणसँग रहेको छ,' उनले भने, 'शाके १२७४ (विसं १४०९) मा राजा निरयपालले रिसेडी कोटबाट नजिकैको चुडी खतेनाको जग्गा चैत भाट (वर्तमान भट्ट) लाई दान गरेको ताम्रपत्रीय प्रमाण पनि उपलब्ध रहेको छ ।'
'जोरायल क्षेत्रमा कौडिन्य गोत्रीय जोशी ब्राह्मणलाई १० वटा गाउँको जग्गा दान गरिएको अभिलेखले रिसेडीकोटको राजनीतिक शक्ति र धार्मिक सहिष्णुतालाई पुष्टि गर्छ,' उनले भने, 'त्यसबेला रिसेडीकोट क्षेत्र धार्मिक दृष्टिले अत्यन्त समृद्ध मानिन्थ्यो, यहाँ आज पनि कार्तिकेयपुर वंशज राजाहरूका कुलदेवता मोहन्याल (कार्तिकेय) लाई प्रमुख देवताका रूपमा पूजा गरिन्छ ।' उनका अनुसार मोहन्यालसँगै नवदुर्गा (नन्दादेवी), केदार (शिव), कोटभैरव, अलडो, बेताल, कालभैरव, सिद्धभैरव, सिगारी बेताल, सानकोटे मसानी, मच्चवाल, लाटो, कैलपाल लगायत दुई दर्जनभन्दा बढी देवीदेवताका थानहरू रिसेडी र वरपरका क्षेत्रमा अवस्थित छन् ।
'कात्तिक शुक्ल दशमीमा जात्रा र एकादशीमा मोहन्याल देवताको विशेष पूजा हुने गर्छ,' उनले भने, 'दसैँको समयमा रिसेडीकोट क्षेत्रमा जमरा र टीका चढाउने परम्परा रहेको छ, नवदुर्गा भगवती मन्दिरमा बडादसैँको नवमीमा भव्य मेला लाग्ने गर्छ, जहाँ परम्परागत रूपमा राँगाको बलि, कवाजी खेल, ढोल–दमाहा र सांस्कृतिक नृत्य प्रस्तुत गरिन्छ ।'
रिसेडी गाउँमा सतिप्रथासँग सम्बन्धित अवशेषहरू पनि पाइन्छन् । पारि रिसेडी गाउँ नजिकै सानकोट क्षेत्रतर्फ रहेका चाक्ला ढुङ्गाका तीन गादीहरू सति जाने रानीका लागि बनाइएको जनविश्वास रहेको बम रजवार बताउँछन् । किंवदन्तीअनुसार ती गादीमा बसेर अन्तिम बिदाइपछि रानी शवयात्रासँगै शमशानतर्फ जाने गर्थिन् । यी अवशेषले तत्कालीन सामाजिक संरचना, नारी अवस्थिति र सांस्कृतिक अभ्यासबारे महत्वपूर्ण सङ्केत दिन्छन् ।
डोटी रैका राज्यकालमा रिसेडीकोट बोगटान राज्यको राजधानी थियो । यहाँबाट प्रशासन सञ्चालन, कर सङ्कलन र न्यायसम्पादन हुने गथ्र्यो । गोर्खा राज्यकालमा पनि रिसेडीमा ठेक–कचहरीमार्फत
न्याय–निशाफ हुने गरेको ऐतिहासिक कागजातहरूले पुष्टि गर्ने उन दाबी गर्छन् । शोधकर्ता बमका अनुसार रिसेडीकोटका शौनक गोत्रीय, रघुवंशी राजा मथुरा बोगटी रजवारको नाममा रहेको शाके १५९८ समय जेष्ठ सुदि ११ को ताम्रपत्रमा बाबुको गडो, जियाको गडो जेठोले रिसेडी पाउने उल्लेख छ । रिसेडीकोटकै वंशज नागी बोगटी रजवारले शाके १७१७ मासे ५ नक्षेत्रे १ बारे मया चिताई मौभेरको खरक, देउथला पनढलाका बलतिर खोलडो गडो, रोस्या खान, किरमिल्या खान किष्णा भण्डारी(ब्राह्मण)लाई माया चिताइ दत्तगरी दियो र कृष्ण भण्डारीले पायो भनिएको छ ।
संवत् १९५७ मार्गवदी ५ रोज २ मा डोटी अछाम सर्पट महाजाँच गोश्वरा अड्डाबाट यस डोटी अदालतमा पूर्जी भई आउँदा छानबिन गरेर १२ काटेकटाना चन्द्रकान्तलाई जितापत्रको गरिदिने सनदमा नागी बोगटी रजवारले पाटोपत्र गरेर जग्गा जङ्गल सङ्कल्प गरी दिँदा डोटी राजाबाट पनि थामिएको कुरा उल्लेख छ । रामसिंह बोगटी रजवारले 'साके १७४९ मासे ५ तीथौँ ४ बारे १ मा देउथलाको खरक उदैनीको खरक भैसा चराउन कृष्ण भण्डारीलाई दियो । यो अरुले नपाउनु' भन्ने उल्लेख छ ।
यस्तै, रिसेडी लालबहादुर बम रजवार(ठकुरी)सँग रहेको उनका पूर्वज भुपाल बोगटी रजवारको १८९४ सालका आधारमा १९०० सालको तल्लो बोगटान गर्खाको हलबन्दी, जिम्मेवाली पत्र, त्यस क्षेत्रका ३५ मुखियाबाट कर असुली गरेका हिसाबका वहिखाताहरु, रजवारको बैठक, रजवारको विवाह, टीकोसहितको रकम असुली र त्यसपछिका विसं १९४२ र १९४८ का कानूनी जवान बन्दी मुद्दाहरू रिसेडीमै ठेक कचहरीबाट समाधान गरिएको प्रमाणका रुपमा रहेका छन् । यही कारण रिसेडीलाई 'कान्छी नेपाल' भनेर चिनिने गरिएको थियो ।
त्यस क्षेत्रको धेरै कुराहरु लालबहादुर बम रजवारबाट लेखिएको कार्तिकेयपुर प्रमुख राजवंशअन्तर्गत डोटी बोगटानका बम राजन्यको वंशावली र इतिहास पुस्तकमा तथ्य प्रमाणका साथ वर्णन भेटिन्छ । त्यहाँका देवीदेवता, मान्यता, कुलदेवता र वंशावली र हस्तलिखत पाडुलिपिहरुबाट रिसेडी तल्लो गाउँ, बिठोडा र निगाली गाउँमा बसोबास गर्ने ठकुरी बम, रजवारहरू कार्तिकेयपुर वंशज राजा निरयपालका सन्तति रहेको मान्यता छ । कुलदेवता, सम्बन्धित जातिहरु, ताम्रपत्र, हस्तलिखित पाण्डुलिपि, वंशावली र मौखिक इतिहासले यहाँको विभिन्न तथ्यहरुलाई पुष्टि गर्छ ।
रिसेडी क्षेत्र वैदिक आर्य, खस आर्य र मङ्गोल समुदायको ऐतिहासिक सहअस्तित्वको उदाहरण हो । ब्राह्मण, ठकुरी, क्षेत्री, दलित र मगर समुदाय यस वरपर परम्परागत रूपमा बसोबास गर्दै आएका छन् । धार्मिक आस्थामा केही भिन्नता भए पनि सामाजिक सम्बन्ध आपसी सहयोग र सहअस्तित्वमा आधारित छ । डोटेली भाषा यहाँको प्रमुख बोली हो । पछिल्ला वर्षमा बसाइँसराइका कारण धेरै स्थानीयवासी तराईका जिल्लामा बसोबास गरे पनि सांस्कृतिक सम्बन्ध गाउँसँग अझै मजबुत छ ।
इतिहास, संस्कृति र धार्मिक आस्थाले भरिएको रिसेडीकोट क्षेत्र आज उपेक्षित अवस्थामा छ । बाँकी रहेका पुरातात्विक संरचनाको तत्काल उत्खनन्, संरक्षण र अभिलेखीकरण नगरिएमा यो ऐतिहासिक धरोहर पूर्ण रूपमा लोप हुने खतरा रहेको स्थानीय ७९ वर्षका नरबहादुर बोहरा (दुगड) बताउनुहुन्छ । उनी भन्छन्, 'स्थानीयवासी, इतिहासविद् र सरोकारवाला निकायका अनुसार यदि रिसेडीकोटलाई योजनाबद्ध रूपमा संरक्षण र प्रवद्र्धन गर्न सकियो भने यो सुदूरपश्चिम प्रदेशको एक महत्वपूर्ण धार्मिक तथा ऐतिहासिक पर्यटन केन्द्र बन्न सक्छ ।'
बडीकेदार गाउँपालिका क्षेत्रमा अहिले प्रशासनिक कार्यालय, इलाका प्रहरी कार्यालय, क्याम्पस, बैंक, विद्यालय, स्वास्थ्य संस्था र यातायात सुविधा उपलब्ध छन् । डोटीको प्रसिद्ध धार्मिकस्थल बडीकेदार र मोहन्यालको प्रमुख स्थान अलाडी पनि यही क्षेत्रमा पर्दछ । यी सबै सम्भावनाका बाबजुद रिसेडीकोटको ऐतिहासिक महत्वअनुसारको संरक्षण र प्रचारप्रसार हुन सकेको छैन । रिसेडीकोट केबल ढुङ्गा र माटोको संरचना होइन, यो सुदूरपश्चिम नेपालको राजनीतिक, धार्मिक, सांस्कृतिक र सामाजिक इतिहासको जीवन्त साक्षी हो ।
राज्यको बेवास्ता, द्वन्द्वकालीन क्षति र संरक्षण अभावका कारण यो धरोहर आज सङ्कटमा परेको छ । अब पनि समयमै स्थानीय तह, प्रदेश सरकार र नेपाल सरकारको पुरातत्व विभागले संयुक्त पहल नगरे रिसेडीकोट इतिहासका पानामा मात्र सीमित हुनेछ । इतिहास जोगाउनु भनेको पहिचान जोगाउनु हो । रिसेडी कोटको संरक्षण आजको आवश्यकता मात्र होइन, भावी पुस्ताप्रतिको दायित्व पनि हो । रासस

# तेस्रो बृहत् राष्ट्रिय बालसाहित्य महोत्सव शुरु

**ललितपुर।**
बालबालिकामा पठन संस्कृति, सम्पदा, प्रविधि, साहित्य र शिक्षाबारे ज्ञान बढाउने उद्देश्यले तेस्रो बृहत् राष्ट्रिय बालसाहित्य महोत्सव सुरु भएको छ । तीन दिनसम्म सञ्चालन हुने नेपाल बालसाहित्य समाज, ललितपुुर महानगरपालिका, पाटन सङ्ग्रहालयको आयोजना र विभिन्न संस्थाको सहआयोजनामा पाटन सङ्ग्रहालय परिसरमा महोत्सव सुरु भएको हो।
महोत्वसको बाल गायिका कल्पना विष्टले उद्घाटन गरे । सोही अवसरमा बाल साहित्यकारहरू भिक्टर प्रधान, प्रमोद प्रधान, घनश्याम राजकर्णिकार र सिर्जना शर्मालाई १५–१५ हजार रुपैयाँ राशिको पुरस्कार प्रदान गरियो।
समाजका अध्यक्ष विजयराज



आचार्यका अनुसार महोत्सवमा बालसाहित्यसम्बन्धी राष्ट्रिय र अन्तरराष्ट्रिय विज्ञहरूबाट कार्यपत्र प्रस्तुति, बालसाहित्य र बालसरोकारसम्बन्धी विभिन्न विषयमा छलफल, बालसाहित्यसम्बन्धी पुस्तकको विमोचन र प्रदर्शनीलगायत गतिविधि हुनेछन्।
काठमाडौँ उपत्यकाका विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक, अभिभावक र साहित्यकार–कलाकारको सहभागिता हुुने महोत्वसमा रचना प्रस्तुति र बङ्गलादेशका वरिष्ठ साहित्यकार प्रा डा मिजानुर रहमान कल्लोलको मुख्य प्रस्तुति रहने महोत्वसका संयोजक यशोदा अधिकारीले जानकारी दिए।

# गगन थापा र नारायणकाजी श्रेष्ठले किन रोजे...

भूगोलभित्र सीमित नरही राष्ट्रिय छवि निर्माण गर्ने उद्देश्यले मधेश झरेको हुन सक्ने विश्लेषण गरे । अर्का राजनीतिक विश्लेषक रोशन जनकपुरीले भदौमा काठमाडौँ केन्द्रित रूपमा देखिएको 'जेन्जी आन्दोलन'को प्रभावलाई मुख्य कारणका रूपमा औँल्याए । उनका अनुसार, आन्दोलनको असर काठमाडौँमा बढी देखिएकाले गगन थापाले कांग्रेसको प्रभाव क्षेत्र मानिएको सर्लाही–४ रोजेका हुन् ।
त्यस्तै, प्रत्यक्ष निर्वाचनमा विजयी हुन नसकेका नारायणकाजी श्रेष्ठले आफ्नो राजनीतिक आधारशीला खोज्दै सर्लाही झरेको हुनसक्ने जनकपुरीको विश्लेषण छ । उनले जनमोर्चाको समयदेखि नै श्रेष्ठ महोत्तरी–सर्लाही क्षेत्रमा राजनीतिक रूपमा मजबुत रहेको बताए ।
'महोत्तरीमा गिरिराजमणि पोखरेलको मजबुत अवस्थाले त्यसको पुष्टि गर्छ,' जनकपुरीले भने, 'यी दुवै नेता जेन्जी मुभमेन्टको असरबाट बच्न 'सेफ ल्यान्डिङ' खोज्दै मधेश झरेका हुन् ।'
विश्लेषकहरूका अनुसार मधेश ऐतिहासिकरूपमा लोकतान्त्रिक मूल्यमान्यतालाई सम्मान गर्ने भूमि भएकाले यहाँ आएका नेताहरूले बेलाबेलामा राजनीतिक संरक्षण पाउँदै आएका छन् । यही कारणले पनि सुरक्षित निर्वाचन क्षेत्रको खोजीमा यी नेता मधेश झरेको हुनसक्ने उनीहरूको ठम्याइ छ ।


**बोलपत्रद्वारा ढलापडा रुखहरु कटान, मुछान, ढुवानी तथा घाटगद्दी सम्बन्धि सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति २०८२/१०/१२**

रंगपुर साझेदारी वन उपभोक्ता समूह, चन्द्रपुर-६, डाबरी, रौतहटको वन क्षेत्रमा विभिन्न जातका ढलापडा रुखहरु छपान भई प्रति क्यू फि रु. १३८.२५ का दरले २२०७३.३२ क्यू फि काठ तथा प्रति चट्टा रु. १३००० का दरले २५.७३ चट्टा दाउरा (कटान मुछान पश्चात परिमाणमा घटबढ हुन सक्ने) कटान, मुछान, ढुवानी गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने कार्यका लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरिएको छ। इच्छुक व्यक्ति, सङ्घ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र सिलवन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण ब्यहोराको सूचना यस साझेदारी वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

श्री रंगपुर साझेदारी वन उपभोक्ता समूह
चन्द्रपुर न.पा. वडा नं. ६, रौतहट

# पर्सामा जसपा संकटमाः अधिकांश क्षेत्रमा प्रतिस्पर्धामै नदेखिएको विश्लेषण



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पर्सा जिल्लामा जनता समाजवादी पार्टी (जसपा) नेपाल कमजोर अवस्थामा देखिएको छ ।२०७४ सालको निर्वाचनमा तीन र २०७९ सालको निर्वाचनमा एक क्षेत्रमा मात्र जीत हासिल गरेको जसपा यसपटक भने अपेक्षित प्रभाव देखाउन असफल भएको राजनीतिक विश्लेषकहरूको भनाइ छ ।

पर्सासहित मधेस प्रदेशमै प्रभावशाली मानिँदै आएको उपेन्द्र यादव नेतृत्वको जसपा, जेनजी आन्दोलनपछिको राजनीतिक उतारचढाव र महन्त ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) सँग एकता गरेपछि पनि संगठनात्मक रूपमा सुदृढ हुन सकेको छैन । यस निर्वाचनमा जसपाले पर्साका चारवटै निर्वाचन क्षेत्रमा उम्मेदवार खडा गरे पनि क्षेत्र नम्बर ४ बाहेक अन्य क्षेत्रमा उम्मेदवारहरू प्रभावकारी प्रतिस्पर्धामा नदेखिएको विश्लेषकहरू बताउँछन् ।

जसपाले पर्सा क्षेत्र नम्बर १ मा जिल्ला अध्यक्ष रामनरेश यादव, क्षेत्र नम्बर २ मा उद्योगी अशोक टेमानी, क्षेत्र नम्बर ३ मा नागेन्द्र प्रसाद यादव र क्षेत्र नम्बर ४ मा डा. कृपासिन्धु प्रसाद चौधरीलाई उम्मेदवार बनाएको छ । तर क्षेत्र नम्बर ४ बाहेक अन्य क्षेत्रमा जसपाका उम्मेदवार कमजोर देखिएको बताइन्छ ।

विशेषगरी पर्सा क्षेत्र नम्बर १ मा जसपा नेपालबाट निर्वाचित पूर्वमन्त्री तथा निवर्तमान सांसद प्रदीप यादव र वीरगंज महानगरपालिकाका मेयर राजेशमान सिंहले पार्टी परित्याग गरेपछि जसपा थप कमजोर बनेको छ । निवर्तमान सांसद यादव यसपटक एमालेका उम्मेदवार बनेकाले पनि यस क्षेत्रमा जसपाको संगठनमा ठुलो असर परेको छ ।

त्यसैगरी पर्सा क्षेत्र नम्बर २ मा नयाँ अनुहारलाई उम्मेदवार बनाइएको र उक्त क्षेत्रमा उनको राजनीतिक पकड तथा लगानी कमजोर भएकाले पनि जसपा कमजोर देखिएको जनाइएको छ । पर्सा क्षेत्र नम्बर ३ मा योग्य उम्मेदवार नपाएपछि स्थानीय नेतालाई उम्मेदवार बनाउनुपरेको जसपाका स्रोतको भनाइ छ । यस क्षेत्रअन्तर्गतका कुनै पनि पालिकामा जसपाले अहिलेसम्म चुनाव जित्न नसकेको इतिहासले पनि पार्टीको अवस्था कमजोर बनाएको बताइएको छ ।

तर पर्सा क्षेत्र नम्बर ४ मा भने जसपा अपेक्षाकृत बलियो देखिएको छ । कांग्रेसबाट डा. कृपासिन्धु प्रसाद चौधरीलाई पार्टीमा भित्र्याएर उम्मेदवार बनाइएको र यस क्षेत्रअन्तर्गतका दुई पालिकाका प्रमुख तथा एक प्रदेशसभा सदस्य जसपाबाट निर्वाचित भएकाले पार्टीको आधार बलियो रहेको जनाइएको छ । यसका साथै कांग्रेस, एमाले र नेकपाका उम्मेदवारहरू पहिल्यै 'परीक्षित' भइसकेको अवस्थामा डा. चौधरी नयाँ र स्वीकार्य अनुहारका रूपमा देखिएकाले पर्सा–४ मा जसपाको प्रतिस्पर्धात्मक स्थिति अपेक्षाकृत मजबुत मानिएको छ ।

# बारा–४ मा निर्वाचनः प्रतिस्पर्धा होइन, त्याग र कामको परीक्षा ! कृष्णकुमार श्रेष्ठ 'किसान' बलिया उम्मेदवारका रूपमा अगाडि



**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि नेकपा एमालेबाट बारा जिल्ला क्षेत्र नं. ४ बाट उम्मेदवारी दिएका कृष्णकुमार श्रेष्ठ अहिले चुनावी प्रचारप्रसार अभियानलाई तीव्र पारेका छन् ।

बारा जिल्ला क्षेत्र नं. ४ मा हुने आगामी निर्वाचन केवल राजनीतिक प्रतिस्पर्धा मात्र नभई त्याग, विश्वास र कामको राजनीतिको परीक्षा बनेको छ । यही सन्दर्भमा कृष्णकुमार श्रेष्ठ 'किसान' विकासप्रेमी, त्यागी र जनताको विश्वास जित्न सफल नेताका रूपमा बलिया उम्मेदवारका रूपमा उभिएका छन् ।

कृष्णकुमार श्रेष्ठको राजनीतिक यात्राको प्रमुख विशेषता भनेकै त्याग हो । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा तनहुँबाट हालका राष्ट्रपति रामचन्द्र पौडेललाई भारी मतान्तरले पराजित गर्दै विजयी भएका श्रेष्ठ २०७९ सालमा पनि सोही क्षेत्रबाट सहजै जित्ने अवस्थामा थिए । तर कांग्रेस–माओवादी केन्द्र–समाजवादी पार्टीबीच गठबन्धन बनेपछि कांग्रेसकै आग्रहमा उनले आफ्नो जीत सुनिश्चित क्षेत्र तनहुँ छोडेर बारा–४ रोजेका थिए ।

२०७९ को निर्वाचनमा बारा–४ बाट उम्मेदवार बनेका श्रेष्ठले १० हजारभन्दा बढी मतान्तरले विजय हासिल गर्दै पहाड र मधेश दुवै क्षेत्रका जनताको विश्वास जित्न सक्ने नेता भएको प्रमाणित गरे । उनको त्यागकै कारण रामचन्द्र पौडेलले तनहुँबाट निर्वाचन जित्ने अवसर पाएका थिए र पछि राष्ट्रपति निर्वाचित भए ।

आगामी फागुन २१ गते हुने निर्वाचनमा श्रेष्ठसँग तनहुँबाट उम्मेदवारी दिएर जित्ने पर्याप्त आधार हुँदाहुँदै पनि उनले पुनः बारा–४ लाई नै रोजेका छन् । पाँच वर्षअघि बारा–४ का बासीसँग गरेका विकास सम्बन्धी प्रतिबद्धताहरू अझै अपूरा रहेकाले त्यसलाई पूरा गर्न आफू पुनः उम्मेदवार बनेको उनी निकट स्रोत बताउँछ ।

चैत ६ गते भएको मनोनयन दर्ताका क्रममा श्रेष्ठको पक्षमा देखिएको ठूलो जनसहभागिताले चुनावी समीकरण स्पष्ट हुँदै गएको देखिन्छ । नेपाली कांग्रेस आन्तरिक विभाजनमा देखिएको छ भने राष्ट्रिय स्वतन्त्र पार्टीको उपस्थिति कमजोर रहेको स्थानीय विश्लेषकहरूको भनाइ छ । यसबीच कांग्रेसका केही सक्रिय नेता तथा कार्यकर्ताहरू पार्टी परित्याग गर्दै श्रेष्ठको समर्थनमा नेकपा (एमाले) प्रवेश गरिरहेको बताइएको छ ।

यी सबै राजनीतिक आधारले बारा–४ मा कृष्णकुमार श्रेष्ठ केवल उम्मेदवार मात्र नभई काम, विश्वास र त्यागको प्रतीकका रूपमा स्थापित हुँदै गएको विश्लेषकहरू बताउँछन् ।

वर्तमान अवस्थामा चुनावी मैदानमा उनलाई टक्कर दिने हैसियत अन्य उम्मेदवारमा कमजोर देखिएको स्थानीय जनमतको आकलन छ ।

# जनमतका उम्मेदवार सर्राफको चुनावी गतिविधि तीव्र



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा क्षेत्र नम्बर १ मा जनमत पार्टीले चुनावी गतिविधि तीव्र बनाएको छ । आगामी निर्वाचनलाई लक्षित गर्दै जनमत पार्टीका उम्मेदवार ओमप्रकाश सर्राफले संगठन विस्तार तथा सुदृढीकरणसँगै कार्यकर्ता भेटघाट अभियान सुरु गरिसकेका छन् ।

'आपन बुथ सब से मजबुत' भन्ने मूल नारासहित जनमत पार्टीले आइतबार पर्सा क्षेत्र नम्बर–१ अन्तर्गतका ३४ वटै बुथका बुथ इन्चार्ज, महिला इन्चार्ज तथा युवा इन्चार्जहरूसँग अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।

बुथस्तरको संगठनलाई अझ मजबुत बनाउँदै मतदाता केन्द्रित अभियान अघि बढाउने रणनीतिमा पार्टी जुटेको जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै पर्सा क्षेत्र नम्बर–१ का उम्मेदवार सर्राफले बुथस्तर नै निर्वाचन जितको मुख्य आधार हुने उल्लेख गर्दै पार्टी संगठनलाई एकताबद्ध र सक्रिय बनाएर मैदानमा उत्रिन कार्यकर्तालाई आग्रह गरे । उनले जनमत पार्टीले आगामी दिनमा घरदैलो, जनसम्पर्क तथा विविध चुनावी कार्यक्रमलाई निरन्तरता दिने तयारी गरिसकेको जानकारी दिँदै पार्टीका सबै चुनावी गतिविधिमा सक्रिय सहभागिता जनाउन कार्यकर्तालाई आह्वानसमेत गरे ।

# पर्सागढीमा रास्पाको पार्टी कार्यालय



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लाको पर्सागढी नगरपालिकामा राष्ट्रिय स्वतन्त्र पार्टीले नगर पार्टी कार्यालय स्थापना गरी सञ्चालनमा ल्याएको छ । बडनिहारमा स्थापना गरिएको कार्यालय आइतबार रास्वपाका पर्सा–२ का प्रतिनिधिसभा उम्मेदवार सुशील कुमार कानुले उद्घाटन गरेका हुन् ।

उद्घाटन कार्यक्रममा बोल्दै कानुले देशमा परिवर्तनको लहर सुरु भइसकेको दाबी गरे । उनले पर्सा–२ का जनताले पनि नयाँ विकल्प खोजिरहेको बताउँदै जनताको भरोसा टुट्न नदिने प्रतिबद्धता व्यक्त गरे । कानुले पर्सागढी क्षेत्रको ऐतिहासिक महत्व उल्लेख गर्दै निर्वाचित भए यसलाई पर्यटन गन्तव्यका रूपमा विकास गर्ने बताए ।

कार्यक्रममा रास्वपाका स्थानीय पदाधिकारी तथा सदस्यहरूको उपस्थिति रहेको थियो । यसअघि कानुले विन्दवासिनी मन्दिरमा दर्शन गर्दै चुनावी अभियानको सुरुआत गरेका थिए ।

# वीरगंजलाई शून्य फोहोर शहर बनाउन जनचेतनामूलक नाटक प्रदर्शनी



**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजलाई शून्य फोहोर शहर बनाउने उद्देश्यका साथ जनचेतनामूलक नाटक प्रदर्शनी कार्यक्रम सम्पन्न भएको छ । 'वीरगंजलाई शून्य फोहोर शहर बनाऔं' भन्ने मूल नारासहित आयोजना गरिएको उक्त कार्यक्रम आमा नेपाल फाउन्डेशनको आयोजनामा, एभरग्रीन टेक्निकल इन्स्टिच्युट अफ हेल्थ साइन्स तथा वीरगंज महानगरपालिकाको सहकार्यमा, र ग्लोबल एलायन्स फर इन्सिनरेशन अल्टरनेटिभको सहयोगमा सम्पन्न भएको हो ।

कार्यक्रमको मुख्य उद्देश्य फोहोर व्यवस्थापन, शून्य फोहोर अभ्यास, वातावरण संरक्षण तथा व्यवहार परिवर्तनसम्बन्धी जनचेतना अभिवृद्धि गर्नु रहेको आयोजकले जनाएको छ । नाटकमार्फत घरमै फोहोर छुट्याउने, प्लास्टिकको प्रयोग न्यूनिकरण गर्ने, पुनः प्रयोग र पुनर्चक्रणलाई प्राथमिकता दिने सन्देश प्रभावकारी रूपमा प्रस्तुत गरिएको थियो ।

नाटकमा दैनिक जीवनमा हुने फोहोरको अव्यवस्थित व्यवस्थापनले वातावरण र मानव स्वास्थ्यमा पार्ने गम्भीर असरलाई जीवन्त रूपमा चित्रण गरिएको थियो । साथै, स्वच्छ सहर निर्माणमा प्रत्येक नागरिकको भूमिका र जिम्मेवारी कति महत्वपूर्ण छ भन्ने सन्देश नाटकमार्फत स्पष्ट रूपमा उजागर गरिएको थियो ।

नाटकप्रति दर्शकको उत्साहजनक सहभागिता देखिएको थियो भने कार्यक्रमले समुदायमा सकारात्मक सन्देश प्रवाह गर्न सफल भएको आयोजकले जनाएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै आमा नेपाल फाउन्डेशनकी अध्यक्ष प्रमिता मानन्धरले शून्य फोहोर अभियान कुनै नारा मात्र नभई जीवनशैली परिवर्तनसँग जोडिएको अभियान भएको बताइन् ।

उनले घरबाट सुरु हुने सानो परिवर्तनले सिंगो सहर नै परिवर्तन गर्न सक्ने उल्लेख गर्दै शून्य फोहोर अभियानलाई सफल बनाउन सबै नागरिकको सक्रिय सहभागिता आवश्यक रहेकोमा जोड दिइन् ।

कार्यक्रमका प्रमुख अतिथि जिल्ला प्रशासन कार्यालय पर्साका सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेलले वीरगंजलाई शून्य फोहोर शहर बनाउने अभियान समयसापेक्ष र अत्यन्तै सान्दर्भिक रहेको बताए । उनले नाटकजस्ता सिर्जनात्मक माध्यममार्फत जनचेतना फैलाउँदा समुदायमा व्यवहार परिवर्तन ल्याउन सहज हुने उल्लेख गर्दै फोहोर व्यवस्थापनलाई दीर्घकालीन समाधानतर्फ लैजान स्थानीय सरकार, सामाजिक संस्था र नागरिकबीच सहकार्य अपरिहार्य रहेको धारणा व्यक्त गरे ।

त्यसैगरी कार्यक्रममा उपस्थित विशिष्ट अतिथिहरूले पनि शून्य फोहोर अभियान सफल बनाउन सबै तहका नागरिकको सहभागिता अनिवार्य रहेको बताए । उनीहरूले आमा नेपाल फाउन्डेशनले थालेको अभियानको प्रशंसा गर्दै आगामी दिनमा पनि विद्यालय, टोल र समुदायस्तरमा यस्ता जनचेतनामूलक कार्यक्रम निरन्तर सञ्चालन हुनुपर्ने आवश्यकता औंल्याए ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा सहायक प्रमुख जिल्ला अधिकारी विनोद कुमार पोखरेल, विशिष्ट अतिथिका रूपमा वरिष्ठ समाजसेवी तथा उद्योगपति अशोक वैध, तथा अतिथिहरूमा एभरग्रीन टेक्निकल इन्स्टिच्युट अफ हेल्थ साइन्सका क्याम्पस प्रमुख मोनिका जैसवाल, शिक्षाविद तथा विद्यासन विद्यालयका लालबहादुर गुरुङ, काव्या एकेडेमीका हरिन्दर कुशवाहा, डलफिन एकेडेमीका जंगबहादुर चौधरी, वेकन स्कूलका जयकुमार दनुवार, वीरगंज महानगरपालिका वडा नं. १६ का महिला सदस्यद्वय लवहनी देवी कुर्मी र रीता देवी, साथै वडा सचिव सतिस श्रीवास्तवलगायतको उपस्थिति रहेको थियो ।

कार्यक्रममा विद्यार्थी, युवा, महिला, शिक्षक, स्थानीय प्रतिनिधि, सामाजिक अभियन्ता तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको आयोजकले जनाएको छ । आयोजकका अनुसार आगामी दिनमा पनि विद्यालय, टोल तथा समुदायस्तरमा शून्य फोहोरसम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू निरन्तर सञ्चालन गरिनेछ ।

# स्थानीय समस्या समाधान नै पहिलो प्राथमिकताः रुङ्गटा



**मधेशदृष्टि**
**वीरगंज ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि नेपाली काँग्रेस पार्टीबाट क्षेत्र नं. १ मा उम्मेदवारी दिएका अनिल रुङ्गटाले वीरगंज महानगरपालिका–३१ बेल्वामा रात्रीकालीन भेटघाट तथा राजनीतिक छलफल कार्यक्रममार्फत स्थानीयवासीहरूसँग प्रत्यक्ष संवाद गरेका छन् ।

संवादका क्रममा स्थानीयले गरेको गुनासोलाई समेट्दै सम्बोधनको क्रममा उनले स्थानीय स्तरमा रहेका समस्याहरू दीर्घकालीन रूपमा समाधान गर्न आफू प्रतिबद्ध रहेको बताएका थिए ।

उनले जनताको दैनिक जीवनसँग प्रत्यक्ष जोडिएका समस्या बुझेर व्यवहारिक, प्रभावकारी र दिगो समाधान खोज्नु नै आफ्नो मुख्य एजेण्डा रहेको स्पष्ट पारेका थिए ।

उनले विकास केवल भाषणमा सीमित नभई स्थानीय आवश्यकता अनुसार योजना बनाएर कार्यान्वयन गर्नुपर्नेमा जोड दिए ।

उनले भने, 'स्थानीयवासीहरूले उठाएका सडक, सुरक्षा, सार्वजनिक सम्पत्ति र कृषि सम्बन्धी गुनासोहरू गम्भीर छन् । यी समस्या समाधानका लागि संघीय तहबाट आवश्यक पहल, सम्बन्धित निकायसँग समन्वय र जनताको सहभागितामा योजनाबद्ध ढंगले अघि बढ्नेछु । जनताको विश्वास नै मेरो सबैभन्दा ठूलो शक्ति हो ।'

वडा इकाइ सभापति अनिरुद्ध प्रसाद थारुको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा वडा इकाइ कमिटीका पदाधिकारी, समाजसेवी तथा स्थानीय अगुवाहरूसँग सम्पन्न छलफलमा बेल्वाका बासिन्दाहरूले भौतिक पूर्वाधार, सडक निर्माण, प्रहरी चौकीको अभाव, सार्वजनिक जग्गा–जमिन संरक्षण तथा कृषि सम्बन्धी विविध समस्याबारे गुनासो राखेका थिए ।

कार्यक्रममा नेपाली कांग्रेस पर्साका पूर्व सभापति अजय द्विवेदी, पर्साका कार्यवाहक सभापति रामनारायण कुर्मी, विजय सर्राफ, अरबिन्द गुप्ता, किरण सरकारलगायत स्थानीय नेता, जनप्रतिनिधि, समाजसेवी तथा युवा अगुवाहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

सहभागीहरूले स्थानीय विकास, संगठन सुदृढीकरण र जनअपेक्षालाई केन्द्रमा राखेर राजनीति अघि बढाउनुपर्ने धारणा व्यक्त गरेका थिए । कार्यक्रमले स्थानीय तहका समस्या उजागर गर्नुका साथै समाधानका लागि साझा प्रतिबद्धता जनाउने महत्वपूर्ण अवसर बनेको सहभागीहरूले बताएका छन् ।

# चिकित्सक संघ नारायणीको अध्यक्षमा गुप्ता निर्वाचित

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल चिकित्सक संघ नारायणी शाखाको अध्यक्षमा डाक्टर मनोज गुप्ता निर्वाचित भएका छन् । शनिबार वीरगंजमा सम्पन्न निर्वाचनमा निकट्तम प्रतिद्वन्दी डा. सुमन प्रसादलाई १ सय २६ मतको फराकिलो अन्तरले पराजित गर्दै गुप्ता अध्यक्षमा निर्वाचित भएका हुन् ।

गुप्ताले २ सय ५ मत ल्याउँदा डा. सुमन प्रसादले मात्रै ७९ मत प्राप्त गरेका छन् । नेपाल चिकित्सक संघ नारायणी शाखाको उपाध्यक्षमा डाक्टर आनन्द चौरसीया निर्विरोध निर्वाचित भएका छन् । यस्तै सचिवमा डाक्टर नौसाद हक १ सय ५२ मतका साथ निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी डाक्टर महेश्वर प्रसादले १ सय ३० मत प्राप्त गरेका छन् । कोषाध्यक्षमा डाक्टर शाश्वत प्रसाद पनि निर्विरोध निर्वाचित भएका हुन् । यसैगरि सदस्यहरुमा डाक्टर आकाश राय, डाक्टर विवेक कुमार यादव, डाक्टर स्मिता सिंह, डाक्टर नविन प्रसाद यादव, डाक्टर रामाशंकर गुप्ता र डाक्टर अजय कुमार यादव निर्वाचित भएको नेपाल चिकित्सक संघ नारायणी शाखाका निर्वतमान सचिव डाक्टर उदयनारायण सिंहले जानकारी दिएका छन् । १० पदका लागि भएको निर्वाचनमा कुल २८५ मत खसेको थियो ।

# सवारी दुर्घटनामा एकको मृत्यु, एकजना घाइते

**मधेशदृष्टि**
**प्रसौनी ।**
बारा जिल्लाको प्रसौनी गाउँपालिका–२ अन्तर्गत दुघौरा पुल नजिक भएको सवारी दुर्घटनामा एक युवकको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् ।

आइतबार बिहान ७ बजे वीरगंजबाट कलैयातर्फ जाँदै गरेको मधेस प्रदेश ०३–००२–ख ४१०२ नम्बरको ट्रकले विपरीत दिशाबाट आएको मधेश प्रदेश ०३–०२७ प ५८२९ नम्बरको स्कुटरलाई ठक्कर दिँदा सो दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

दुर्घटनामा स्कुटर चालक कलैया उपमहानगरपालिका–३ निवासी जय गुप्ताको २० वर्षीय छोरा आयुष गुप्ता गम्भीर घाइते भएका थिए । उनलाई उपचारका लागि एलएस न्युरो अस्पताल परवानीपुर लगिएकोमा इसीजी परीक्षणपछि ८ बजे चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक बिजयराज पण्डितले बताए ।

सम्पादकीय

# पुराना दलहरुको गठबन्धनको जितले प्रतिनिधि सभामा असर गर्छ ?

प्रश्न राष्ट्रिय सभाको निर्वाचनभन्दा ठूलो राजनीतिक मनोविज्ञानसँग जोडिएकोविषय हो। संकेतहरू सतहमा मात्र होइन, भित्र–भित्रै गहिरो छन्। पहिलो संकेतः सत्ता संरचनाको अनुशासन। राष्ट्रिय सभामा देखिएको 'लाइन लागेर भोट हाल्ने' दृश्यले के देखायो भने स्थानीय तह र प्रदेश सरकार सम्हालेका पुराना दलहरू अझै पनि आफ्नो संगठनात्मक मेसिनरी चलाउन सक्षम छन्। यो जनमत होइन, सत्ता–आधारित मत हो। यसले उनीहरूलाई प्रतिनिधि सभा चुनावमा पनि 'हामी अझै बलिया छौँ' भन्ने आत्मविश्वास दिएको छ।

दोस्रो संकेतः गठबन्धनको पुरानो रोग। विचार, नीति वा आत्मसमीक्षा होइन, डर र स्वार्थले फेरि पुराना दलहरूलाई एकै ठाउँमा ल्याएको छ। नयाँ शक्ति, स्वतन्त्र उम्मेदवार वा जनआक्रोशसँग एक्लाएक्लै जुध्न नसक्ने निष्कर्ष उनीहरूले राष्ट्रिय सभाबाटै निकालेका छन्। त्यसैले यो चुनाव आगामी प्रतिनिधि सभाको ट्रेलर जस्तो देखिन्छ। तेस्रो संकेतः जनता होइन, जनप्रतिनिधि केन्द्रमा। राष्ट्रिय सभाको निर्वाचनमा गाउँका सर्वसाधारण होइनन्, जनप्रतिनिधि मतदाता हुन्छन्। त्यसैले यहाँ देखिएको नतिजा जनताको मनोविज्ञानको प्रत्यक्ष मापन होइन। तर यही नतिजालाई आधार बनाएर 'जनता फेरि हामीसँगै छन्' भनेर प्रचार गर्नु भने भ्रम बेच्नु हो।

प्रतिनिधि सभामा पनि पुरानै पार्टीहरू फर्किने संकेत गर्छ ?संकेत छ, तर ग्यारेन्टी छैन। पुराना दलहरूले सत्ता प्रयोग गरेर चुनाव जित्ने सूत्र अझै बिर्सेका छैनन्। तर प्रतिनिधि सभा चुनावमा मत हाल्ने जनता हुन्, जसले बेरोजगारी, महंगी, भ्रष्टाचार र वाचा–विस्मृतिलाई भोगेका छन्। त्यही जनता यसपटक मौन रहन्छन् कि विद्रोही बन्छन्, यही निर्णायक प्रश्न हो। पुराना दलहरू अझै संगठित छन्, तर वैधता कमजोर छ। यदि यही गठबन्धन, यही अहंकार र यही सत्ता–केन्द्रित राजनीति बोकेर प्रतिनिधि सभामा गए, जित त हुन सक्छ; तर त्यो जित फेरि पनि जनआक्रोशको म्याद थप्ने मात्र हुनेछ। चुनाव पुरानाको पुनरागमन भन्दा बढी, नयाँ परिवर्तन टार्न गरिएको सामूहिक प्रयास को संकेत हो।

# ध्यान साधनाबाट प्राप्त हुन्छ बोध

नेत्र सुवेदी 'प्रयास'

योगासन, प्राणायम र ध्यान एकपछि अर्को गरी अभ्यास गरिन्छ। योग र प्राणायम ध्यानका लागि पूर्वतयारी हुन्। वास्तवमा ध्यान लागेपछि शरीर हलुका महशुस हुन्छ भने मनमा शान्ति छाउँछ। सही अर्थमा ध्यानबाट आनन्दको अनुभूति हुन्छ। जुनसुकै काममा पनि ध्यानस्थ हुने क्षमता विकास हुन्छ। भनिएको छ कि ध्यान आफ्नो लक्ष्यप्राप्तिको हुनुपर्दछ। आफूतिर नफर्की ध्यान हुँदैन। खोजेको आनन्द सम्बन्ध, सम्पत्ति, शान्ति, बुद्धि केमा हो सोहीअनुसार ध्यान लगाउनुपर्दछ। ध्यानको अभ्यासमा हामीहरु बाहिरी जगतभन्दा पनि भित्री आकाशमा मन लगाउँछौँ। हामीभित्रको आकाश सच्चिनान्द स्वरुपमा छ। त्यसैले भनिएको होला निराकार मात्र पूर्ण छ। आकाशको सीमा नभएजस्तै निराकार पनि विस्तृत छ, पूर्ण छ। उपनिषद्मा उल्लेख भएको 'ॐ पूर्णमदः पूर्णमिदं पूर्णात् पूर्णमुदच्यते। पूर्णस्य पूर्णमादाय पूर्णमेवावशिष्यते॥' ले इंगित गरेको पूर्णता अक्षुण छ अर्थात् आकाशबाट आकाश घटाउँदा शेष पनि आकाश नै रहन्छ। यही पूर्णता प्राप्तितर्फको अभ्यास हो ध्यान। ध्यानका लागि कुनै आसनमा बसेर आँखा चिम्लनु पर्दछ भन्ने छैन। जुन काममा संलग्न छौँ त्यसैमा ध्यान लगाउनु पनि ध्यान नै हो।

विभिन्न आध्यात्मिक मार्गहरुले जीवन जिउनुको उद्देश्यलाई आफ्नै ढङ्गले व्याख्या गरेको पाइन्छ। जस्तो कि भगवान् शिवको भाषामा कैविल्य, महर्षि पतञ्जलीको भाषामा निर्विकल्प समाधी र बुद्धको भाषामा निर्वाण प्राप्ति। मानव जीवनको उद्देश्य भनेको दुःखबाट मुक्ति र परमानन्द प्राप्ति नै हो। जीवनको यही उद्देश्य प्राप्तिका लागि ऊर्जा आवश्यक पर्दछ र सो ऊर्जाको सिर्जना र उपयोगका लागि पनि ध्यान आवश्यक पर्दछ। त्यसो त समृद्धिको पूर्वाधार भनेको पनि जीवन ऊर्जा हो। शरीरमा ऊर्जाको कमी भयो भने समृद्धि प्राप्तिको विषय खोक्रो सावित हुन्छ। ध्यान गरे पनि धन आर्जन गरे पनि आधारभूत विषय भनेको ऊर्जा हो। ऊर्जामा मूलतः तीन वटा पक्ष सँगसँगै रहन्छन्। पहिलो हो– शारीरिक शक्ति, जुन हामीमा कायम गर्दै मजबुत हुनुपर्ने हुन्छ। दोस्रो हो–मानसिक शक्ति जुन शक्ति विचार, इच्छाशक्ति र सन्तुलनका लागि आवश्यक छ। तेस्रो हो–भाव शक्ति जसबाट केही प्राप्ति भएको अनुभूति हुन्छ। यी तीनवटै शक्तिको जग भनेको चेतना शक्ति हो। हामीले बोलीचालीको भाषामा यसलाई 'होस' पनि भन्दछौँ। चेतना जागृत गर्ने र प्रयोग गर्ने कला नै ध्यान हो।

**ध्यान गर्ने प्रक्रिया र पूर्वःशर्त**

धेरैले आफ्नो काममा एकाग्रता भएन भन्छन्। एकाग्रता भनेको एउटा विषयमा ध्यान लगाउनु हो। एकाग्रता हुनु कुनै कामका लागि अनिवार्य त छ तर पर्याप्त भने नहुन सक्छ। चेतना वा सजगता भने एकाग्रताभन्दा पनि उच्चस्तरको शक्ति हो। ध्यान सम्बन्धमा रचित गीतको लाइन 'साक्षीपूर्ण चेतनाले जाने जति ज्ञान भयो, प्रेमपूर्ण भावनाले छानेजति ध्यान भयो'बाट ध्यानका लागि चेतना र प्रेम सँगसँगै चाहिन्छ भन्ने बुझ्न सकिन्छ। ध्यानलाई आनन्द प्राप्तको माध्यम वा बाटो मान्ने हो भने बोध भनेको आनन्द प्राप्तिको अवस्था वा गन्तव्य हो। बोध भनेको वास्तविक योग तथा ध्यान अभ्यास मात्र नभई त्यो भन्दा पनि गहिरो विषय रहेछ। "आफूप्रति सजग भई ध्यान गर्दैछु म, ध्यानप्रति सजग भई बोध गर्दैछु म" भन्ने जीवन विज्ञानसम्बन्धी गीतको लाइनबाट पनि बोध भनेको ध्यान गहिरिदै जाँदा पुगिने चरण र नतिजा रहेछ भन्ने बुझिन्छ।

ध्यानका लागि आसनमा बस्दा पवित्रता, अभयता र सजगता यी तीन विषय ख्याल गर्नुपर्दछ। ध्यानका बखत आँखा खोल्दा अरुलाई देखिन्छ भने आँखा बन्द गरेपछि आफैँलाई देखिन्छ। ध्यान भनेकै भित्रबाट परिवर्तन गर्ने विधि हो। यसका माध्यमबाट जीवनमा सकारात्मकता, स्वस्थता र आनन्द प्राप्ति सम्भव हुन्छ। भनिन्छ कि सुखदुःखका कारण हामी आफैँ हो र ध्यान आफूतिर फर्काएर नयाँ दृष्टिकोणका साथ सरल समाधान खोज्ने विधि हो। त्यसै भनिएको हैन 'मनको ढोका खोलेर भित्र जाउँ, हृदयमा भेटिन्छ शान्त ठाउँ' भनेर। जसरी खाना खाँदा अघाइन्छ र सन्तुष्टि प्राप्त हुन्छ, त्यसैगरी ध्यानबाट आनन्द प्राप्ति हुन्छ। तर पवित्रता, अभयता र सजगताको त्रिवेणीमा निष्ठा र धैर्यतापूर्वक साधना गर्न जरुरी हुन्छ।

मभित्र के भइरहेको छ थाहा पाउन सुरु गर्नु ध्यानको पूर्वशर्त हो। ध्यानको ऊर्जाले नै ज्ञानको ऊर्जा सिर्जना गर्दछ। जे गर्न नी चेतना चाहिने र चेतनाको सहज प्राप्तिको बाटो नै ध्यान। चार अक्षरको शब्द सजगता ध्यानको पहिलो चरण हो यसले मनमा जे चलिरहेको छ थाहा पाउन मद्दत गर्दछ। सजगताका तीनगुण अहिले, अप्रतिक्रियात्मक र अध्ययन हुन्। सजगताका पाँच तह छन्। पहिलो सजगता श्वाशप्रति, दोस्रो शरीरप्रति, तेस्रो आत्मगुफाप्रति, चौथो गुरुप्रति र पाँचौँ सजगता ईश्वरप्रति हुनुपर्दछ। हामी ध्यान गर्दा आफैँले अनुभूत गर्दछौँ, जबकि पुस्तक पढ्दा भने अरुको विचार पढिन्छ। ध्यानले जागेको ऊर्जालाई स्थिर बनाउँछ।

जीवनमा सजगता टिकाउनका लागि पवित्रता आवश्यक पर्दछ। यसका लागि दिव्य नवब्रतको पालना आवश्यक पर्दछ। यदि यी नवब्रतमध्ये कुनै वा सबै कमजोर भयो भने सजगता तुहिन्छ वा चुहिन्छ। नौवटा गुणहरु रहेको दिव्य नवब्रत सङ्कल्प साथसाथै पालनाको विषय पनि हो। ती गुणहरु भनेका सत्यता, स्वाध्याय, निहङ्गकारिता, क्षमाशीलता, सर्वकल्याण भाव, सेवाभाव, मधुरवाणी, लक्ष्यसँग एकाकार र मुमुक्षा हुन्।

**ध्यानबाट बोधतिर**

बोधप्राप्तिका लागि ध्यान गरिरहँदा सजगताप्रति भन्दा मुख्य दुईपक्ष हुन सक्छन्–म कि अरु। अरुप्रतिको सजगतामा प्रेम जरुरी छ जहाँ भय रहँदैन। आफूप्रतिको सजगताका लागि स्वाध्याय आवश्यक पर्दछ जसको सरल अर्थ भनेकै आफ्नो अध्ययन हुन्छ। त्यस्तै आफूप्रतिको सजगता बढ्दै गयो भने ध्यान बोध बन्दछ।

आफ्नो अध्ययन कसरी भन्ने प्रश्न उठ्न सक्छ। यसका दुई तरिका छन्। मेरो मन विचार कस्तो छ, राम्रा नराम्रा कस्ता कुरा खेल्छन् ? बानीव्यहोरा के छन् ? यो पहिले त आफैँले बुझ्न जरुरी छ। दोस्रो पक्ष भनेको अरुप्रति गरिने व्यवहार हो। आफूलाई जुनसुकै व्यवहार गर्ने किन नहोस् अरुप्रति व्यवहार गर्दा प्रतिक्रिया व्यक्त नगरेर त्यस्तो व्यवहार किन ग¥यो भन्ने पत्ता लगाउनु पनि स्वाध्याय हो। के बुझ्न जरुरी छ भने हामीलाई दुःखले जति सताएको छ, त्योभन्दा बढी सुखले पनि सताएको छ। सुख पनि दुःखमा परिवर्तन हुन्छ। जस्तो कि आफूलाई माया गर्ने व्यक्तिको देहान्त भयो भने हामी दुःखी हुन्छौँ। आफैँमा समाहित हुनुमात्र आनन्द हो, यो मात्र स्थायी रहन्छ। आममानिस दुई प्रकारका हुन्छन्। पहिलो बाहिरतिर खोज्ने अर्थात् सांसारिक र दोस्रो ध्यानी।

आफूप्रति सजग हुँदै गयो भने कुनै विन्दुमा पुग्दा शून्यता फेला पर्दछ, त्यहाँ दुःख हुँदैन न त सुख नै हुन्छ। भनिन्छ कि सजग व्यक्ति जीवन जिउन जान्ने व्यक्ति हो। सजगतापश्चात् फेला पर्ने शून्यता नै बोध हो। अकम्पको अनुभवलाई शून्यता पनि भनिन्छ। शून्यताका तीनगुणका रुपमा निर्विचार, निराकार र निःशब्द रहेका छन्। आँखा बन्दा गर्दा दुई आँखीभौँका बीचमा जे देखिन्छ त्यो नै आत्मगुफा हो। यसलाई आन्तरिक आकाश पनि भनिन्छ। सुरुमा पूरै अँध्यारो र क्रमशः उज्यालो देखिन्छ। यसरी देख्ने भनेकै शिव नेत्रले, तेस्रो आँखाले हो। यसैलाई वेदमा व्योमा भनिन्छ। पुराणमा यसलाई बृन्दावन भनिन्छ भने शिवपुराणले कैलाश र मृगस्थली दुबै प्रयोग गरेको पाइन्छ। उपनिषदमा भने यसलाई अरण्य भनिन्छ। विज्ञानको जगत्मा यसलाई क्वान्टम फिल्ड, द युनिफाइड फिल्ड जस्ता शब्द प्रयोग हुन्छन्। आत्मगुफालाई सन्ध्या पनि भनिन्छ। आत्मगुफा भनेको हाम्रो असली परिचय हो अनि मभित्रको म हो। म कै आध्यात्मिक नाम आत्मगुफा हो। आत्मागुफालाई सुक्ष्म शरीर, देह पनि भनिन्छ। मृत्युपश्चात् पनि आत्मगुफा मर्दैन। 'आँखा छोपे अँध्यारो देखिन्छ, अँध्यारोमै मूल ज्योति भेटिन्छ' भने झैँ गहिरो साधनाबाट मात्र बोध प्राप्ति सम्भव हुन्छ।

सेवाभाव र दृव्यदृष्टि प्राप्ति

अपेक्षा इच्छा पनि दुःखको कारण हो। इच्छा कम गर्नका लागि इच्छा प्रतिको जागरुकता÷सजगता आवश्यक हुन्छ। चाहना दुई किसिमको हुन सक्छः निजी चाहना र परोपकारी चाहना। जब जगतको हित गर्न थालिन्छ, स्वार्थी चाहना हराउँछन्। त्यसैगरी वेदले इन्द्रीयलाई गो भन्दछ भने इन्द्रीय दानलाई गोदान भनेको छ। वास्तवमा गोदान भनेको इन्द्रीयलाई बसमा राख्ने विषय हो। ऊर्जाको सदुपयोगको विषय हो। मन स्थिर राख्न सकेमात्र ध्यान लाग्दछ, बोध प्राप्तितर्फउन्मुख भइन्छ। बोध प्राप्त हुनु भनेको दिव्यदृष्टि हासिल हुनु पनि हो। सञ्जयले धृतराष्ट्रलाई कुरुक्षेत्रको घटना हस्तिनापुर बसेर सुनाउँदा पनि दिव्य तेस्रो आँखाको सहारा लिएका थिए। महर्षि व्यासले सञ्जयलाई सिकाएका थिए यो। दिव्यदृष्टिलाई तेस्रो नेत्र पनि भन्न सकिन्छ।

गुरुप्रतिको सगताको पनि विशेष महत्व हुन्छ। गुरु भनेको हृदयमा आकाश, मुस्कानमा वैकुण्ठ, बोलीमा वेद र पुराण धारी हुन्छन्। त्यस्तै गुरुका लागि शिष्य भनेका एकमात्र देवता, एकमात्र प्रेम, एकमात्र भविष्य र एकमात्र आशा हुन्। अर्कोतर्फ शिष्यले आफूसँग भएको लोभ, रिस, इर्ष्या, डर, तनाव, कुलत गुरुलाई अर्पण गर्दछ। त्यस्तै धनले किन्न नसकिने इमान्दारिता, समर्पण र निष्ठा पनि प्रकट गर्दछ। कसैले नलिने आँसु, अहङ्कार, असुरक्षा, अशान्ति पनि गुरुले लिन्छन्। सत्यता, सेवाभाव, मधुरवाणी, मुस्कान भए गुरु खुसी हुन्छन्। गुरुप्रतिको सजगतालाई नित्यावतार पनि भनिन्छ। साधना र सेवामा सहकार्यबाट शक्ति उत्पन्न हुन्छ। सफल जीवनका लागि ध्यानको गहिराई र सेवाको उचाइ दुवै आवश्यक पर्दछ। ध्यानको समुद्र र सेवाको सगरमाथा भएमा कर्मसिद्धि र सफल जीवन सम्भव हुन्छ। अनुसन्धानले पुष्टि गरेअनुसार योग ध्यान गर्नेको स्मरण क्षमता नगर्नेको तुलनामा १४ गुणासम्म बढी भएको अनुसन्धानले देखाएको छ। त्यस्तै ध्यान गर्ने व्यक्तिलाई ४८ प्रकारका रोग त लाग्नै पाउँदैनन् टाढैबाट भाग्छन्।

**अन्त्यमा**

नेपाल योग र ध्यानका लागि उद्गम भूमि हो। धेरै शास्त्रहरुले नेपालमा आध्यात्मिक साधना गर्नका लागि थुप्रै ऋषिमुनिहरु, व्यक्तित्वहरुले समय खर्च गरेको हामी पढ्न पाउछौँ तर दुःखको कुरा अहिले विश्वस्तरको आरोग्य नक्साले भने नेपाललाई समेटेको छैन। नेपाल योग र ध्यानको जन्मभूमि हो। जसरी आफ्नो आमालाई कमजोर देख्नु हुँदैन, त्यसैगरी नेपालको यो बृहत् सम्भावनालाई आरोग्य पर्यटनको बृहत् अवधारणाअन्तर्गत सदुपयोग गर्नुपर्दछ। विगत १४ वर्षअघि स्थापना भएर सकृय रहेको जीवन विज्ञानका कार्यक्रम लोकप्रिय हुँदै गएका छन् भने अन्तरराष्ट्रियस्तरको साधना केन्द्रका रुपमा धादिङको थाक्रे गाउँपालिकामा जीवन विज्ञान धाम पनि निर्माण हुँदैछ। रासस

# प्रचण्डविरूद्ध जनार्दनको एमालेसँग क्षेत्रगत सहमति

रामप्रसाद आचार्य





नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्डको कार्यशैलीमा कडा आलोचना गर्दै प्रगतिशील लोकतान्त्रिक पार्टी बनाएका नेता जनार्दन शर्माले दुई दशकदेखि वर्चस्व राखेको रुकुम पश्चिममा आफ्नो सिट सुरक्षित बनाउन र रुकुम पूर्वमा प्रचण्डलाई दबाब दिन नेकपा एमालेसँग क्षेत्रगत समझदारी गरेका छन्।

रुकुम पश्चिममा उम्मेदवार बनेका शर्मा र रुकुम पूर्वमा प्रलोपाबाटै उम्मेदवार बनेका सन्दीप पुनलाई एमालेले साथ दिने सहमति भएसँगै त्यहाँको चुनावी प्रतिस्पर्धा थप चर्चामा पुगेको छ। सुरक्षित क्षेत्र खोज्दै रुकुम पूर्व पुगेका नेकपाका संयोजक प्रचण्डलाई जनार्दन र एमालेबीचको सहमतिले थप दबाब बढेको छ।

माओवादीको सशस्त्र युद्धदेखि तीन दशक प्रचण्डका विश्वास पात्रका रूपमा रहेका शर्मा पछिल्लो समय उनीसँग विद्रोह गरेर प्रलोपा बनाएका हुन्। ०६४ देखि नै आफ्नो क्षेत्रमा लगातार निर्वाचन जित्दै आएका शर्मा तत्कालीन नेकपा माओवादी केन्द्रबाट ०७९ को निर्वाचनमा ठूलो मतान्तरमा विजयी भएका थिए। अहिले विभाजन भएर शर्माले प्रलोपा बनाएर मैदानमा छन्।

आफ्नै क्षेत्रमा तत्कालीन पार्टीकै कार्यकर्ताले कालोझण्डा देखाएर विरोध गरेपछि भने शर्मा चुनावी रणनीतिमा लागेका हुन्। उम्मेदवारी दर्ताको केही दिनमा उनले जिल्लाको तथ्यांक हेरेर आफ्नो क्षेत्रको सुरक्षा गर्न एमालेसँग तालमेल गरेको निकटस्थहरूको विश्लेषण छ।

गत निर्वाचनमा रुकुम पश्चिममा एमालेका नन्दराम देवकोटाले १२ हजार ९६९ मत प्राप्त गर्दा शर्माले ३९ हजार ५४९ मत पाएर जितेका थिए। समानुपातिकमा भने एमालेले ८ हजार ७६९ र कांग्रेसको ८ हजार ७६६ मत आएको थियो।

रास्वपाको २ हजार मत नपुग्दा अन्य दलले खासै मत पाएका थिएनन्। तर अहिले भने रुकुम पश्चिमबाट १२ जना उम्मेदवार रहेका छन्।

अघिल्लो पटक कांग्रेसको उम्मेदवार नहुँदा यो पटक कांग्रेसका युवा नेता राजु केसी उम्मेदवारी छन्। यस्तै एमालेबाट उम्मेदवार रहेका नन्दराम देवकोटाले अब शर्मालाई नै समर्थन गर्नेछन्। उनी त्यहाँको जिल्ला अध्यक्ष हुन्।

प्रलोपाले पश्चिममा मात्रै होइन पूर्वमा पनि एमालेसँग समझदारी गरेको छ। जहाँ नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड उम्मेदवार छन्। यो राजनीतिक दबाबका रूपमा हेरिएको छ। सुरक्षित क्षेत्र खोज्दै त्यहाँ पुगेका प्रचण्डविरुद्ध सो क्षेत्रमा प्रलोपाबाट जनयुद्धकै सहिद पुत्र सन्दीप पुन उम्मेदवार बनेका छन्।

यसअघि माओवादी केन्द्रले जितेको उक्त क्षेत्रमा अघिल्लो निर्वाचनमा एमालेका उम्मेदवारले ५ हजारभन्दा बढी मत पाएका थिए। त्यतिबेला कांग्रेससँग गठबन्धन हुँदा एमालेका उम्मेदवार कैलाश कुमार मल्लले ५ हजार ५११ मत पाएका हुन्।

यस्तै निर्वाचित भएका तत्कालीन माओवादी केन्द्रका पूर्णबहादुर घर्ती मगरले १२ हजार २६२ मत पाएका थिए। अहिले चुनावको मुखमा माओवादी फुटेर जनार्दन शर्माले प्रलोपा बनाएका थिए।

माओवादीको भोट बाँडिने र एमालेले पनि साथ दिने भएपछि प्रचण्डलाई दबाब बढेको छ। तर यहाँ नेकपाविरुद्ध प्रलोपाको बलियो संगठन नै बन्न सकेको छैन। केही नेताहरू असन्तुष्ट भए पनि पार्टीविरुद्ध खुलेर बोल्न सकेका छैनन्।

यहाँबाट समानुपातिकतर्फको मत परिणाममा माओवादी केन्द्रले ८ हजार २ सय ७१ मत प्राप्त गरेको थियो। दोस्रो स्थानमा रहेको नेपाली कांग्रेसले ५ हजार ६ सय ९२ मत र एमाले ३ हजार ६ सय ५९ मत पाएको थियो। राष्ट्रिय स्वतन्त्र पार्टीले ४ सय ६६ मत प्राप्त गर्दा राष्ट्रिय प्रजातन्त्र पार्टीले ४ सय २८ मत पाएको थियो। नेपाल कम्युनिष्ट पार्टी एसले भने ३ सय ७५ मत ल्याएको थियो।

रुकुम पूर्वमा एमालेबाट उम्मेदवार दिएका एमाले केन्द्रीय सदस्य लीलामणि गौतमले भने जिल्लामा संगठन नै नभएको प्रलोपालाई पार्टीले उम्मेदवार छाडेर गल्ती गरेको बताउँछन्। उनले पार्टीका नेताहरूलाई आफ्नो असन्तुष्टिबारे जानकारी गराएको बताउँदै भने, 'उम्मेदवारी दर्ताको समयमा समर्थक, प्रस्तावक जुटाउन समस्या थियो, अरू जिल्ला हेरेर यहाँको वास्तविकता बुझिएन' उनले भने।

संयोग प्रचण्डविरुद्ध जनार्दनको पक्षमा गरिएको यो निर्णयमा तत्कालीन माओवादी युद्धका मुख्य नेता हाल एमालेका उपाध्यक्ष रामबहादुर थापा बादलले हस्ताक्षर गरेका छन्। एमालेबाट उपाध्यक्ष बादल र प्रलोपाका तर्फबाट अध्यक्ष दुर्गा सोवले सहमति पत्रमा हस्ताक्षर गरेका छन्। यो समझदारीअनुसार रुकुम पश्चिममा एमालेका प्रत्यक्ष तर्फका उम्मेदवार नन्दराम देवकोटा र पूर्वमा लीलामणि गौतमको उम्मेदवारी निष्क्रिय हुनेछ र एमालेका मतदाताहरूले पश्चिममा प्रलोपाका जनार्दन शर्मालाई र पूर्वमा प्रलोपाकै सन्दीप पुनलाई आँखा चिन्हमा मतदान गर्नेछन्।

प्रलोपालाई यी दुई क्षेत्रमा सहयोग गरेको एमालेले भने कर्णाली प्रदेशका हुम्ला र जुम्लाबाहेकका जिल्लाहरू सल्यान, जाजरकोट, दैलेख, सुर्खेत, कालिकोट, मुगु, डोल्पा र साबिक राप्तीका दाङका ३ निर्वाचन क्षेत्र, रोल्पा र प्यूठानका एक एक क्षेत्रमा प्रलोपाले साथ दिने समझदारी पत्रमा उल्लेख गरेको छ। दाङ २ मा एमाले महासचिव शंकर पोखरेललाई यसअघि विप्लव नेतृत्वको नेकपा माओवादीले साथ दिने सहमति गरिसकेको छ।

जनार्दनका आलोचकहरू आफ्नै आधार भूमि रहेको कर्णालीका महत्त्वपूर्ण जिल्लाहरू छाडेको भन्दै टिप्पणी गरेका छन् भने एमालेका आलोचकहरू आफ्नो क्षेत्र सुरक्षित बनाउनका लागि जनार्दनसँग मिलेको जनाएका छन्।

# रेशमलाल चौधरीको रिटमा अन्तरिम आदेश दिन अस्वीकार

**काठमाडौँ।**
सर्वोच्च अदालतले नागरिक उन्मुक्ति पार्टी, नेपालका संरक्षक रेशमलाल चौधरीले प्रतिनिधिसभा निर्वाचनमा प्रतिस्पर्धा गर्न पाउनुपर्ने माग गर्दै दायर गरेको रिट निवेदनमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले आइतबार कारण देखाउ आदेश गर्दै मागअनुसार अन्तरिम आदेश दिन अस्वीकार गरेको हो । अदालतको आदेशसँगै चौधरीले आगामी प्रतिनिधिसभा सदस्य निर्वाचनमा प्रतिस्पर्धा गर्न नमिल्ने भएको छ । अदालतले उक्त विवादमा सुनुवाइका लागि यही माघ १५ गतेलाई बोलाएको छ।
उक्त पार्टीका संरक्षक चौधरीको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णयविरुद्ध यही माघ ९ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको थियो । चौधरीको कसुर र कैदको अभिलेख कायमै हुने उल्लेख गर्दै आयोगले उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो । उनले कैलाली क्षेत्र नं १ बाट उम्मेदवारी दिएका थिए। रासस

# बेथिति आपसी समन्वयमार्फत अन्त्य गर्नुपर्छः प्रधानमन्त्री




काठमाडौँ।
प्रधानमन्त्री सुशीला कार्कीले मुलुकभित्र रहेका बेथिति, विसङ्गति, भ्रष्टाचारलाई आपसी सहकार्य, समन्वयमार्फत अन्त्य गर्दै जानुपर्ने धारणा राखेकी छिन् । नेपाल खुल्ला विश्वविद्यालयद्वारा प्रधानमन्त्री एवं कुलपति कार्कीको प्रमुख आतिथ्यमा आईतबार आयोजित पहिलो दीक्षान्त समारोहमा उनले उत्कृष्ट उच्च शिक्षामार्फत स्वदेशभित्र रोजगारीका अवसर सिर्जना गरी विद्यमान समस्या समाधान गर्दै जानुपर्नेमा जोड दिइन्।
'हाम्रो मुलुक अरुले आएर बनाइदिने होइन, हामीले बनाउने हो । बेथितिबाट भाग्ने होइन । हामीले बेथिति, भ्रष्टाचारलाई हटाउँदै जानुपर्छ', प्रधानमन्त्री कार्कीले भनिन्, 'दीक्षित विद्यार्थीलाई मुलुक बनाउने अभियानमा सहकार्य गर्न म आग्रह गर्दछु । विश्वविद्यालयले प्रतिभा पलायन हुन नदिने, आजका युवाको बदलिँदो स्थितिलाई सम्बोधन गर्ने र उत्पादित जनशक्तिले स्वदेशमा योगदान दिनसक्ने गरी उत्पादनमुखी शिक्षा दिन सक्नुपर्छ।'
समारोहमा प्रमुख अतिथि शिक्षाविद् एवं त्रिभुवन विश्वविद्यालयका पूर्वउपकुलपति केदारभक्त माथेमाले जीवनपर्यन्त सिकाइमा लाग्नु र कठिन अवस्थामा पनि सिकाइलाई निरन्तरता दिनसक्नु खुल्ला विश्वविद्यालयका विद्यार्थीको दायित्व हुने बताइन्।
कार्यक्रमा सहभागी विभिन्न सङ्कायका उत्तीर्ण विद्यार्थीलाई दीक्षित गरिएको थियो । विज्ञान, स्वास्थ तथा प्रविधि सङ्काय, सामाजिक शास्त्र तथा शिक्षा सङ्काय र व्यवस्थापन तथा कानुन सङ्कायमा उच्चशिक्षा दिँदै आएको छ।
खुल्ला विश्वविद्यालयका उपकुलपति डा शिलु मानन्धर बज्राचार्यले व्यस्त जीवनशैली बिताइरहेका व्यक्तिलाई खुल्ला विश्वविद्यालयमार्फत दूरशिक्षाका माध्यमबाट सहज रूपमा उच्चशिक्षा दिँदै आएको बताइन् । रासस

# सामाजिक सञ्जालको दुरुपयोग रोक्न निर्वाचन आयोगको पहल

**काठमाडौँ।**
निर्वाचनमा सामाजिक सञ्जालबाट हुने निर्वाचन आचारसंहिता उल्लङ्घनको नियमन चुनौतीपूर्ण बन्दै आएको छ । मुलुकको विषम स्थितिमा आगामी फागुन २१ का लागि तय भएको प्रतिनिधिसभा सदस्य निर्वाचनको दिन नजिकिँदै गर्दा यो विषय पेचिलो हुने देखिएको छ । आसन्न निर्वाचनका लागि यही माघ ६ गते उम्मेदवारको मनोनयनपत्र दर्ता भइसकेको छ । त्यस क्रममा मधेस प्रदेशको एक जिल्लामा कुनै एक पार्टीले छिमेकी भारतको बिहारबाट ल्याइएका भारतीय नम्बर प्लेटका गाडी प्रयोग गरिएको भनेर सामाजिक सञ्जालमा आलोचनाको विषय बन्यो । ती तस्बिर कहिले र कुन जिल्लाको भन्ने विस्तृत विवरणविना नै सञ्चालमा चर्चा भए पनि त्यसको पक्ष विपक्षमा मत अभिमत सार्वजनिक भइरहेका छन् । विदेशी सवारीसाधनको अनधिकृत प्रयोग मात्र होइन निर्वाचन प्रचारप्रसारका क्रममा सामाजिक सञ्जालमार्फत उम्मेदवारको मानमर्दन हुने गरी नाराबाजी गरिएका दृश्य प्रसारण भइरहेका छन्।
उम्मेदवारी दर्ता गर्न जाँदा २५ जनाभन्दा बढी सहभागी हुन नहुने र तडकभडक गर्न नहुने निर्वाचन आचारसंहितालाई समेत धेरैजसो राजनीतिक दल र उम्मेदवारले उलङ्घन गरेको पाइएको छ । प्रचारप्रसारकै क्रममा दल र उम्मेदवारको झण्डा र ब्यानरसँगै बालबालिकाको प्रयोग भएका तस्बिर तथा भिडियो सामाजिक



सञ्जालमा सम्प्रेषण भएको देख्न सकिन्छ । मनोनयपत्र दर्ताकै क्रममा बहालवाला मुख्यमन्त्री उम्मेदवारसँगै निर्वाचन अधिकृतको कार्यालयमा सहभागी भएको विषयमा निर्वाचन आयोगले स्पष्टीकरण नै सोधेको थियो । यसबीचमा कतिपय दल र उम्मेदवारले आफ्नो प्रचारका क्रममा राष्ट्रिय झण्डाको प्रयोगसमेत गरेका छन् । यसलाई राष्ट्रिय झण्डाको दुरुपयोग गरियो भनेर आलोचनासमेत भइरहेको छ।
आयोगले भने आचारसंहिता पालना र समाजिक सञ्जालमार्फत भ्रम फैलाउने गरी हुने प्रचारप्रसारको शूक्ष्म निगरानी भइरहेको जनाएको छ। कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनका समयमा प्रवाह हुने मिथ्या, भ्रामक सूचना, घृणास्पद अभिव्यक्ति निरुत्साहित र नियन्त्रण गर्न प्रभावकारी अनुगमन हुने बताए । उनले विसं २०७९ को निर्वाचनमा पनि निर्वाचन आयोगले सम्बद्ध निकायको सहयोग र सामाजिक सञ्जाल सञ्चालकका प्रतिनिधिमार्फत विशेष पहल गरेको स्मरण गर्दै यस पटक त्यसलाई थप प्रभावकारी बनाइने बताए । एआईलगायत प्रविधिको प्रयोग गरेर सामाजिक सञ्जालका माध्यमबाट विपक्षीको चरित्र हत्या र नागरिकमाझ भ्रामक सूचना प्रसार गर्ने प्रयासलाई रोकिने र यसमा सम्बद्ध सबै पक्षको सहयोग आवश्यक रहेको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीको भनाइ छ।
निर्वाचन आयोगका अनुसार विद्युतीय सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा पछिल्लो हप्ता फेला परेका आठ ओटा हानिकारक सूचना सम्प्रेषण गर्नेलाई कानुनबमोजिम कारबाही गर्न प्रेस काउन्सिल नेपाल, नेपाल प्रहरीको साइबर ब्युरो र आयोगको केन्द्रीय निर्वाचन आचारसंहिता अनुमगन समितिमा पठाएको छ । निर्वाचनमा सामाजिक सञ्जालको प्रयोगबाट हुने मिथ्या र भ्रामक सूचना तथा द्वेषपूर्ण अभिव्यक्ति नियन्त्रण र नियमनका लागि आयोगले सामाजिक सञ्जाल प्लेटफर्म सञ्चालक कम्पनीसँगको सहकार्यलाई प्राथमिकतामा राखेको छ। आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार हानिकारक सूचनाअन्तर्गत पर्ने गलत, भ्रामक सूचना र गाली गलौजयुक्त अभिव्यक्तिले निर्वाचनको स्वच्छता र निष्पक्षतामा नकारात्मक असर पार्ने भएकाले त्यस्ता सूचनालाई नियन्त्रण तथा नियमनका लागि पहल भइरहेको छ। यसका लागि नियामक निकायसँग समन्वय र सहजीकरण गर्न आयोगले स्थापना गरेको सूचना सदाचार प्रवद्र्धन एकाइ पूर्ण रूपमा क्रियाशील रहेको उनले जानकारी दिए । उक्त एकाइको कार्यदक्षता बढाउन संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा 'इ–मनिटरिङ प्लस' सफ्टवेयर प्रणाली प्रयोगमा ल्याइएको छ भने सो प्रणाली प्रयोगका लागि कर्मचारीको क्षमता अभिवृद्धि तालिम सम्पन्न भएको छ।
आयोगले निर्वाचन आचारसंहिता, २०८२ प्रतिकूलका यस्ता गतिविधि निर्वाचनको दिन नजिकिँदै गर्दा अझ बढ्न सक्ने स्थिति देखापरेको भन्दै सचेत रहन सबैलाई आग्रहसमेत गरेको छ। आयोगले आगामी फागुन ४ गतेदेखि १८ गतेसम्म निर्वाचन प्रचारप्रसारका लागि समय निर्धारण गरेको छ । निर्वाचनका लागि यही माघ १० गते निर्वाचन चिह्न प्रदान भइसकेकाले घरदैलो र भेटघाट गर्न भने दल र उम्मेदवारलाई कुनै बाधा छैन। तोकिएको प्रचार अवधिबाहेक अन्य समयमा आमसभा, ¥याली र ठूला कार्यक्रम गर्न भने निर्वाचन आचारसंहिताले रोकेको छ।
आयोगका साथै निर्वाचनमा डिजिटल माध्यम निगरानी गर्न नेपाल प्रहरीको साइबर ब्युरोलाई प्रभावकारी रूपमा परिचालन गर्न गृह मन्त्रालयले पत्राचार गरेको छ । डिजिटल प्लेटफर्मको दुरुपयोग गरी अफवाह फैलिन नदिन संयन्त्र परिचालनका लागि गृह मन्त्रालयले सचेत गर्र्दै आएको छ। गृहमन्त्री ओमप्रकाश अर्यालले समेत आज भोटाहिटीस्थित साइबर ब्युरोको कार्यालयमा पुगेर यस विषयमा अनुमगमन र निर्देशन दिनुभएको छ। ब्युरोले निर्वाचनसँग सम्बन्धित साइबर गतिविधिहरूको निगरानी, विश्लेषण गरी आवश्यक कारबाहीका लागि निर्देशन, सिफारिस तथा अनुसन्धान गर्न सक्ने कार्यादेश तोकिएको छ। रासस

# संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना

**काठमाडौँ।**
निर्वाचन आयोगले संयुक्त निर्वाचन सञ्चालन केन्द्र स्थापना गरेको छ। आयोगको कार्यालयमा स्थापना भएको केन्द्रको कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले शुभारम्भ गरेका हुन् । त्यस अवसरमा उनले कुनै निर्वाचन क्षेत्रमा केही समस्या आए तत्काल समाधान गर्न केन्द्रले काम गर्ने जानकारी दिए।
मतदान केन्द्रमा समाधान हुन नसक्ने समस्या केन्द्रबाट समाधान गरिने कार्यवाहक प्रमुख निर्वाचन आयुक्त भण्डारीले बताए । आयोगका सचिवको नेतृत्वमा रहने केन्द्रमा गृह मन्त्रालयका सहसचिव, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका अधिकृत सदस्य रहने व्यवस्था छ । रासस

# भ्रम फैलाउनेविरुद्ध कारबाही गर्न आदेश कुर्नु पर्दैन

**काठमाडौँ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले 'सामाजिक सञ्जालबाट भ्रम फैलाउनेविरुद्ध कारबाही गर्न आदेश कुर्नु नपर्ने बताएका छन्। भोटाहिटीस्थित नेपाल प्रहरीको साइबर ब्युरोमा पुगेर उनले त्यहाँ कार्यरत प्रहरी कर्मचारीलाई कानुनविपरित गतिविधि गर्ने जोसुकैलाई कारबाहीको दायरामा ल्याउन उच्च अधिकारी वा निकायको आदेशको प्रतीक्षा गर्नु नपर्ने बताएका हुन्।
गृहमन्त्री अर्यालले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई मर्यादित रूपमा सम्पन्न गर्न साइबर ब्युरोले सामाजिक सञ्जालमार्फत हुनसक्ने अमर्यादित तथा कानुनले वर्जित गरेका तथ्यहीन र भ्रामक समाचार तथा सूचनाको सूक्ष्म ढङ्गले अनुगमन गर्न निर्देशन दिए। साथै उनले मिथ्या सूचना प्रवाह गर्नेलाई तत्काल कारबाहीको दायरामा ल्याउनुपर्नेमा जोड दिए । निर्वाचनलाई दृष्टिगत गरी ब्युरोलाई अझ सक्रिय हुन गृहमन्त्रीले आग्रह गरे। रासस




# तीन महिनाको कार्यप्रगति विवरण सार्वजनिक

**काठमाडौँ।**
स्वास्थ्य तथा जनसंख्यामन्त्री डा. सुधा शर्मा गौतमले तीन महिनाको कार्यप्रगति विवरण सार्वजनिक गरेकी छिन् । मन्त्रालयमा आईतबार आयोजित पत्रकार सम्मेलनमा उनले मन्त्रीको जिम्मेवारी सम्हालेपछिको प्रमुख उपलब्धि सार्वजनिक गर्दै सेवा प्रवाह र प्रणालीगत सुधारलाई प्राथमिकता राखिएको बताइन्।
मन्त्रालयले नागरिक केन्द्रित स्वास्थ्य प्रणाली निर्माण गर्ने योजनासहित काम अघि बढाएको उल्लेख गरिन् । डा. गौतमले गत कात्तिक ९ गते स्वास्थ्यमन्त्रीको पदभार ग्रहण गरेकी थिइन्। उनले सो अवधिमा जेनजी प्रदर्शनमा घाइते भएकाहरूको उपचार तथा व्यवस्थापन, मातृ तथा नवजात शिशु स्वास्थ्य सुधार, मानसिक स्वास्थ्य, खरिद तथा आपूर्ति श्रृङ्खला व्यवस्थापन, औषधी÷प्रयोगशाला सुधार, वैदेशिक रोजगारमा संलग्न श्रमिक नेपालीको स्वास्थ्य बिमालाई सुधार गर्नेलगायत पक्षलाई प्राथमिकतामा राखेर काम गरेको बताइन्।
मन्त्री गौतमले स्वास्थ्य बिमालाई सही दिशामा डो¥याउन विभिन्न विज्ञसँग पटकपटक छलफल र अध्ययन गरेको बताउँदै स्वास्थ्य बिमा सुधारमा जोड दिइरहेको बताउँदै उनले भनिन्, 'बिमाबाट लाखौँ जनताले सेवा पाएका छन् तर बिमाभित्र थुप्रै समस्या थन्किँदै गइरहेको छ।
वित्तीय असन्तुलन, समयमा दाबी भुक्तानी नहुनु, महँगो औषधी दर, दाबी व्यवस्थापनमा कमजोरी, कानुनमा व्यवस्था भएबमोजिम सङ्गठित क्षेत्रलाई बिमामा आवद्ध



गराउन नसक्नु, स्वास्थ्य बिमा बोर्डको आन्तरिक क्षमता र व्यवस्थापनलगायत समस्या विद्यमान छन्।'
स्वास्थ्यमन्त्री डा. गौतमले केही समयअघि स्वास्थ्य बिमा सुधारका लागि राष्ट्रिय कार्यशालाले निक्र्यौल गरेका राय सुझाव सम्बन्धी कार्ययोजना तयार पारेको र कार्यान्वयनको लागि सम्बन्धित निकायसँग समन्वय गरिरहेको बताइन् । यसैगरी तीन महिनाको अवधिमा जेनजी घाइतेहरूको उपचार तथा व्यवस्थापनमा सरकारको गत असोज १२ गतेको मन्त्रिपरिषद् बैठकको निर्णय बमोजिम गठित समितिले दुई हजार ६०९ जनाको विवरण सङ्कलन गरेकामा सम्पर्कमा आएका १८९ जनाको वर्गीकरण गरिएको उनले जानकारी दिइन्।
मन्त्रालयले अस्पतालबाट डिस्चार्ज भइसकेका बिरामीको पुनः परीक्षण (फलोअप) तथा व्यवस्थानका लागि उपत्यका बाहिर ११ र उपत्यकाभित्र पाँच गरी १६ वटा सरकारी अस्पतालमा जेनजी क्लिनिक सञ्चालन गरी सेवा प्रवाह गरिरहेको मन्त्री डा. गौतमले उल्लेख गरिन्।
मन्त्री गौतमले केही महत्वपूर्ण ऐनहरू (स्वास्थ्य बिमा ऐन, स्वास्थ्य सेवा ऐन, औषधी ऐन, राष्ट्रिय चिकित्सा विज्ञान प्रतिष्ठान ऐन र स्वास्थ्यकर्मी सुरक्षा ऐन) अध्यादेशमार्फत संशोधन प्रक्रिया अगाडि बढाइएकामा मन्त्रिपरिषद्स्तरसम्म पुगेको जानकारी गराइन्।
उनका अनुसार वर्षौंदेखि हुन नसकेको सङ्गठन तथा व्यवस्थापन (ओएनएम) सर्वेक्षणलाई मूर्तरूप दिन १५ वटा निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि पूर्वसहमति लिई छ वटा निकाय (स्वास्थ्य सेवा विभाग, औषधी व्यवस्था विभाग र अन्तर्गतका कार्यालय, राष्ट्रिय औषधी प्रयोगशाला, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, राष्ट्रिय आयुर्वेद पञ्चकर्म तथा योग सेवा केन्द्र, सिंहदरबार वैद्यखाना) को प्रतिवेदन सहमतिका लागि अर्थ मन्त्रालयमा पठाइएको छ।
साथै नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर सुधार गर्न राष्ट्रिय नवजात कार्ययोजना र मातृ तथा पेरिनेटल मृत्यु (गर्भको २८औँ हप्तादेखि जन्मिएको सात दिनसम्मको अवधिमा हुने नवजात शिशुको मृत्यु) अनुगमन तथा प्रतिक्रिया प्रणाली १२१ वटा अस्पताल र ५२ जिल्लामा विस्तार गरिएको विवरण सार्वजनिक गरिएको छ।
यसैगरी मानसिक स्वास्थ्य समस्या भएका बिरामीलाई सहज परामर्श उपलब्ध गराउन देशभरका सबै सङ्घीय अस्पतालहरूमा मनोसामाजिक परामर्श केन्द्र स्थापना गरी सेवा सुरु गरिएको छ । औषधीको गुणस्तर परीक्षणका लागि राष्ट्रिय औषधी प्रयोगशालाको क्षमतालाई अन्तरराष्ट्रियस्तरमा पु¥याउन आवश्यक पूर्वाधार विकासको प्रक्रिया अघि बढाइएको छ।
वैदेशिक रोजगारमा जाने श्रमिकलाई स्वास्थ्य बिमामा आवद्ध गराउने, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयसँगको समन्वयमा वैदेशिक रोजगारमा जाने व्यक्तिका लागि स्वास्थ्य परीक्षण सर्वसुलभ तथा गुणस्तरीय बनाउने, उपत्यका र उपत्यका बाहिरका सङ्घीय अस्पतालबाट टेलिमेडिसन (दूर चिकित्सा) सेवा विस्तार गर्ने विषयमा गृहकार्य भइरहेको मन्त्री डा गौतमले जानकारी दिइन्। रासस

# गोरखामा सुन्तला उत्पादन १५ प्रतिशत बढ्यो



**गोरखा ।**
जिल्लामा यस वर्ष सुन्तला उत्पादन १५ प्रतिशतले वृद्धि भएको छ । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका अनुसार जिल्लामा यो वर्ष तीन हजार १८७ मेट्रिक टन सुन्तला उत्पादन भएको हो । किसानले करिब रु २२ करोड आम्दानी गरेको एकाइकी सूचना अधिकारी पूजा रेग्मीले बताइन् । किसानले रु एक करोड ५० लाखबराबरको कागतीसमेत बिक्री गरेको उनले जानकारी दिइन् ।

उनका अनुसार यो वर्ष गोरखामा १५ देखि २० प्रतिशतले सुन्तलाको उत्पादन बढेको छ । उत्पादन बढेसँगै किसान उत्साहित बनेका सूचना अधिकारी रेग्मीको भनाइ छ । ‘यस वर्ष मौसम अनुकूल भएकाले पनि उत्पादन बढेको हो, विगतका वर्षहरुमा रोपेको सुन्तलाले यस वर्षबाट उत्पादन दिन थालेकाले पनि उत्पादनमा वृद्धि आएको हो’, उनले भने । गत वर्ष जिल्लाभर जम्मा १९ मेट्रिक टन सुन्तला उत्पादन भएको थियो । यस्तै, आर्थिक वर्ष २०८०/८१ मा एक हजार ६०० मेट्रिक टन र आव २०७९/८० मा एक हजार ८०० मेट्रिक टन सुन्तला उत्पादन भएको सूचना अधिकारी रेग्मीले बताइन् ।


कृषि ज्ञान केन्द्रले पनि यो वर्ष जिल्लामा सुन्तलाको उत्पादन बढेको बताएको छ । कार्यालयका सूचना अधिकारी सुमन भट्टराईका अनुसार यो वर्ष जिल्लाभर १५ प्रतिशतले सुन्तलाको उत्पादन बढेको हो । कार्यालयले आम्दानीको विवरण भने नराखेको उनले जानकारी दिए । ‘मौसमको अनुकूलता र किसानको मेहनतका कारण यो वर्ष उत्पादन बढेको हो । कृषि ज्ञान केन्द्रले पनि आफ्नो ठाउँबाट प्राविधिक सहयोग गर्दै आएको छ’, उनले भने ।

जिल्लाको सुन्तला जात फलफूलखेतीलाई राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइले सघाउँदै आएको छ । कार्यालयले जिल्लामा सुन्तला जोन कार्यक्रम लागू गरेर सुन्तलाखेती प्रवद्र्धन गर्दै आएको छ । गण्डकी, सहिदलखन, भीमसेनथापा गाउँपालिका र गोरखा नगरपालिकाका सबै वडा, पालुङटार नगरपालिकाका वडा नं ९ र १० तथा सिरानचोक गाउँपालिकाको वडा नं २, ४ र ५ लाई समेटेर सुन्तला जात फलफूल जोन घोषणा गरी कार्यान्वयन गरिरहेको राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम कार्यान्वयन एकाइका प्रमुख पूर्ण ढुङ्गाना बताउँछन् ।

ढुङ्गानाका अनुसार जिल्लामा सुन्तलाको उत्पादन बढाउन बगैँचा व्यवस्थापन तथा चक्लाबन्दी, क्षेत्र विस्तार, साना सिँचाइ पूर्वाधार निर्माण, उन्नत प्रविधिसहितको प्रदर्शनी, साना मेसिनरी वितरणलगायत कार्यक्रम सञ्चालन गरिएको छ । सुन्तला जोनबाहेकका क्षेत्रमा करिब १० प्रतिशत सुन्तला उत्पादन हुने गरेको छ ।

सुन्तला जिल्लाको गण्डकी, भीमसेनथापा र सहिदलखन, सिरानचोक गाउँपालिका, गोरखा र पालुङटार नगरपालिका तथा उत्तरी गोरखाको धार्चेस्थित कासीगाउँमा फल्ने गर्छ । गण्डकीको ताङ्लीचोक, भुम्लिचोक, फलाटे, फुजेल र सहिदलखनको मनकामना, ताक्लुङ, मास्केछाप, तीनमाने, अँधेरीलाई सुन्तालको पकेट क्षेत्र मानिन्छ । त्यस्तै, भीमसेनथापाको तान्द्राङ, पालुङटारको बागडाँडा, शेरा र गोरखा नगरपालिकाको ताप्ले, नारेश्वर, फिनाम र भट्टबेँसीलाई पनि सुन्तला उत्पादनको पकेट क्षेत्रका रूपमा लिने गरिन्छ । जिल्लाको करिब एक हजार ९७ हेक्टर क्षेत्रमा सुन्तलाखेती हुँदै आएको छ भने करिब तीन सय किसान सुन्तलाखेतीमा आबद्ध छन् । जिल्लाका किसानले खाकु र स्थानीय जातको सुन्तला लगाउँदै आएका छन् । रासस

# ३२८ मेगावाटको जलविद्युत् आयोजना निर्माण हुने



**काठमाडौँ ।**
डोल्पा जिल्लामा जलाशययुक्त प्रकृतिको भारबुङ जलविद्युत् आयोजना निर्माण हुने भएको छ । विकास र समृद्धिका हिसाबले पछाडि परेको मानिएको डोल्पामा कुल तीन सय २८ मेगावाट क्षमताको सो आयोजना निर्माणका लागि विद्युत् विकास विभागले आवश्यक अध्ययन तथा वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया अगाडि बढाएको छ ।

डोल्पाको छार्का ताङसोङ गाउँपालिका र काईके गाउँपालिकामा भौतिक संरचना निर्माण हुनेगरी भारबुङ र तातु खोलाको पानी प्रयोग गरिने विभागले जनाएको छ । जलायशुक्त प्रकृतिको सो आयोजानाको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयको सिफारिससहित आवश्यक विवरण वन तथा वातावरण मन्त्रालयमा पेस भएको छ । विवरणअनुसार भारबुङ नदीमा निर्माण हुने तीन सय २५ मेगावाट क्षमता र तातु खोलाको १.१२ क्युसेक पानीलाई नदी प्रवाहमा आधारित प्रणालीबाट उपयोग गरी थप तीन दशमलव १० मेगावाट क्षमताका दुईवटा प्रणालीमार्फत विद्युत् उत्पादन गरिनेछ ।

डोल्पाको छार्का ताङसोङ गाउँपालिका–४ र ५ तथा काईके गाउँपालिका–१ का भूभाग प्रभावित हुनेछन् । विवरणअनुसार छार्का ताङसोङ गाउँपालिका–४ मा एक सय ६९ मिटर अग्लो बाँध, सात सय ६६ मिटर लामो डाइभर्सन सुरुङ, इन्टेक र १६ किलोमिटर लामो हेडरेस सुरुङ निर्माण हुनेछ । सोही गाउँपालिकाको ४ र काईके गाउँपालिका–१ मा भूमिगत विद्युतगृह र पानी निकास नहर निर्माण गरिनेछ । आयोजनाको जलाशयले छार्का ताङसोङ गाउँपालिका–५ का केही भूभाग डुबानमा पर्नेछ । आयोजनाको दुवै प्रणालीबाट वार्षिक नौ सय ३३.१९ गिगावाट घण्टा विद्युत् उत्पादन हुनेछ । आयोजनास्थल डोल्पाको जुफाल विमानस्थलबाट १२ किलोमिटर टाढा रहेको छ ।

आयोजनाबाट उत्पादित बिजुली प्रस्तावित दुनै सबस्टेशनमा जोडिनेछ । सो आयोजनाको कुल लागत रु एक खर्ब तीन अर्ब ३१ करोड नौ लाख ३१ हजारबराबर रहनेछ । प्रतिमेगावाट लागत रु २८ करोड ५० लाख ९३ हजार ९८० बराबर रहेको छ । कास्कीको माछापुच्छ्रे गाउँपालिकामा ३२ मेगावाट क्षमताको करुवा सेती जलविद्युत् आयोजना निर्माण हुने भएको छ । झ्यामोलोङ्गा हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेडले प्रवद्र्धन गर्न लागेको सो आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार पार्ने उद्देश्यले वन तथा वातावरण मन्त्रालयले आवश्यक सुझाव दिन आग्रह गरेको छ ।

मन्त्रालयले सार्वजनिक सूचनामार्फत सो आयोजनका कारण पर्ने वातावरणीय प्रभावका बारेमा आवश्यक सुझाव एवं सल्लाह दिन आग्रह गरेको छ । सो आयोजनाको हेडरेस सुरुङको लम्बाइ घटेको, पेनस्टक पाइपको लम्बाइ बढेको तथा विद्युतगृह क्षेत्र स्थानान्तरण भएकाले वातावरणीय प्रभाव मूल्याङ्कनको प्रक्रिया अगाडि बढाइएको हो ।

आयोजना अन्नपूर्ण संरक्षण क्षेत्रमा पर्नेछ । अन्नपूर्ण संरक्षण क्षेत्रको ९.६५ हेक्टर वन क्षेत्र र निजी स्वामित्वको ०.९५ हेक्टर, स्वीकृत परिमार्जित वातावरणीय व्यवस्थापन योजनाअनुसार स्वीकृत गरिएको थियो । सो स्वीकृत प्रतिवेदनमा केही जमिन थप गर्नुपर्ने भएकाले मन्त्रालयले आवश्यक सुझाव एवं सल्लाह दिन आग्रह गरेको हो । रासस

# प्रधान सेनापति खुल्ला म्याराथन दौड २४ गते




**काठमाडौँ।**
यस वर्षको ‘प्रधान सेनापति खुल्ला म्याराथन दौड प्रतियोगिता’ यही माघ २४ गते हुने भएको छ । नेपाली सैनिक शारीरिक तालिम तथा खेलकुद केन्द्रद्वारा आईतबार आयोजित पत्रकार सम्मेलनमा प्रतियोगिताका लागि यस वर्ष ‘बलियो एकता, सुरक्षित राष्ट्र’ भन्ने नारा तय गरिएको जानकारी दिइएको हो।

उक्त प्रतियोगिताअन्तर्गत ४२ दशमलव १९५ किमी दूरीको पुरुष म्याराथन तथा महिला र पुरुष विधाको २१ किमी दूरीको हाफ म्याराथन आयोजना हुने नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले जानकारी दिए । उनका अनुसार म्याराथनमा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्ने धावकलाई क्रमशः रु तीन लाख, रु दुई लाख र रु एक लाख नगद पुरस्कार प्रदान गरिनेछ।

हाफ म्याराथनमा पहिलो, दोस्रो र तेस्रो स्थान प्राप्त गर्ने महिला र पुरुष दुवै विधाका खेलाडीलाई जनही क्रमशः रु एक लाख, रु ७५ हजार र रु ५० हजार प्रदान गरिने तालिम तथा खेलकुद केन्द्रका प्रमुख मदनजङ्ग राणाले जानकारी दिए।

सैनिक अधिकृत, सैनिक सहचारी, सैनिक महाविद्यालय कार्यरत कर्मचारी, सेनाका अवकास प्राप्त तथा सेवारत सकलदर्जा र गैरसैनिकका कक्षा १० देखि १२ मा अध्ययनरत सन्तानको सहभागितामा १० किमी दूरीको दौड प्रतियोगिता पनि आयोजना हुनेछ।

सोही दिन आयोजना हुने पाँच किमी दूरीको वाकाथनमा प्रमुख अतिथि र आमन्त्रित उच्च पदस्थ व्यक्तिको सहभागिता हुने केन्द्रका सेनानी गगनबहादुर महतराले जानकारी दिए। सैनिक महाविद्यालयमा अध्ययनरत कक्षा ७ देखि ९ सम्मका छात्रछात्रा सम्मिलित पाँच किमी दूरीको दौडसमेत सञ्चालन हुनेछ। दश किमी र पाँच किमी दौडमा प्रथम, द्वितीय र तृतीय हुने महिला र पुरुष विधाका धावकलाई क्रमशः रु दश हजार, रु सात हजार र रु पाँच हजार नगद प्रदान गरिने छ।

विसं २०७२ देखि प्रत्येक वर्ष महाशिवरात्रि तथा सेना दिवसका अवसरमा आयोजना हुँदै आएकामा यस वर्ष यस ११औँ संस्करणको प्रतियोगितामा आयोजना हुनेछ। विभिन्न पाँच विधामा करिब दुई हजार ५०० धावकको सहभागिता रहने आयोजकले पत्रकार सम्मेलनमार्फत जनाएको छ । यसवर्ष महाशिवरात्रि तथा सेना दिवस आगामी फागुन ३ गते परेको छ। रासस

# हिमपहिरोले अमेरिकामा जनजीवन ठप्प



**अमेरिका।**
अमेरिकामा हिमपहिरोले त्रास मच्चाएको छ । शनिबारदेखि सुरु भएको आँधीले हजारौं उडान रद्द भएको, सडकहरूमा जमेको बरफले यातायात रोकिएको र विद्युत् आपूर्ति प्रभावित भएको छ। मौसमविद् एलिसन सान्तोरेलीले चेतावनी दिए। ‘हिउँ र बरफ पग्लन ढिलो हुनेछ र यसले उद्धार कार्यलाई कठिन बनाउनेछ।’

अमेरिका राष्ट्रपति डोनाल्ड ट्रम्पले कम्तीमा १२ राज्यका लागि आपतकाल घोषणा गरे। संघीय आपतकालीन व्यवस्थापन एजेन्सीले विभिन्न राज्यमा आपतकालीन सामग्री, कर्मचारी र खोज तथा उद्दार टोलीहरू तयारी अवस्थामा राखेको छ।

होमल्याण्ड सेक्युरिटी सचिव क्रिस्टी नोएमले सबैलाई ‘सुरक्षित स्थानमा बस्न’ सल्लाह दिए।

**लुइसियाना र टेक्ससमा विद्युत आपूर्ति बाधित**

बरफ र भारी हिउँले प्रभावित क्षेत्रहरूमा एक लाख ४० हजारभन्दा बढी घरधुरीमा बिजुली आपूर्ति बन्द भएको छ । टेक्ससको शेबली काउन्टीमा बरफले रुखहरू भत्काउँदा करिब एक तिहाई विद्युत ग्राहक प्रभावित भए । लुइसियानाको डेसोटो पेरिशमा पनि रुख र चरिको झर्ने कारण आधाभन्दा बढी घरधुरीमा बिजुली पुगेको छैन।

**उडानहरू रद्द**

शनिबार र आइतवार अमेरिकाभर १३ हजारभन्दा बढी उडान रद्द भएका छन् । प्रमुख हवाईअड्डाहरूमा उडान सेवामा ठूलो अवरोध देखिएको छ, जसमध्ये डलास–फोर्ट वर्थ अन्तर्राष्ट्रिय हवाईअड्डामा ७०० भन्दा बढी उडान रद्द भएका छन्।

**उत्तरी र मिडवेस्टमा अत्यधिक चिसो**

मिडवेस्टमा हावाको चिसो–४० डिग्री फरेनहाइट (–४०डिग्री सेल्सियस) सम्म पुगेको छ । मिनियापोलिसमा प्रदर्शनकारीहरू –६ डिग्री फरेनहाइट (–२१ डिग्री सेल्सियस) तापक्रममा निस्किएका थिए।

**विद्यालय र सार्वजनिक कार्यक्रम रद्द**

न्यासभिल, लुइसियाना, डलास, ह्युस्टन, फीलाडेल्फिया र मेम्फिसमा विद्यालय बन्द गरिएका छन् । ग्रान्ड ओले ओप्रीले शनिबारको प्रस्तुति दर्शकविहीन सम्पन्न गरेको छ । मौसमविद् जोश वीसले भनेका छन यस आँधीको विशेषता यसको व्यापक प्रभाव क्षेत्र र त्यसपछिको अत्यधिक चिसो हो। रासस

# म्यान्मामा चुनाव सम्पन्न, सेनाको सत्ता सुनिश्चित




**याङ्गुन।**
म्यान्मामा तीन चरणमा सम्पन्न हुने आम निर्वाचनको अन्तिम चरणमा आइतबार मतदान भएको छ । करिब एक महिना लामो यो प्रक्रियाबाट देशका सैन्य शासक र तिनीहरूका राजनीतिक सहयोगीहरूले नयाँ सरकार गठन गर्न आवश्यक संसदीय बहुमत पहिले नै सुनिश्चित गरिसकेका छन् । आलोचकहरूका अनुसार यो निर्वाचन स्वतन्त्र र निष्पक्ष दुवै छैन। सन् २०२१ को फेब्रुअरीमा निर्वाचित नागरिक सरकारलाई अपदस्थ गरेपछि सेनाले आफ्नो शक्ति वैधानिक देखाउन यो चुनाव आयोजना गरेको आरोप उनीहरूको छ । सेना समर्थित युनियन सोलिडारिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) ले पहिलो दुई चरणमा लडिएका अधिकांश सिट जितिसकेको छ। संविधानअनुसार राष्ट्रिय संसद्को माथिल्लो र तल्लो सदनमा २५ प्रतिशत सिट सेनाका लागि आरक्षित भएकाले व्यवस्थापिकामा सेनाको प्रभाव स्वतः सुनिश्चित हुन्छ।

वर्तमान सैन्य सरकारका प्रमुख वरिष्ठ जनरल मिन आङ ह्लाइङ नयाँ संसद् बसेपछि राष्ट्रपति बन्ने व्यापक अपेक्षा गरिएको छ। उनी समर्थक र विपक्षी दुवै पक्षबाट भावी राष्ट्रपतिका रूपमा हेरिँदै आएका छन्। सन् २०२१ मा मिन आङ ह्लाइङको नेतृत्वमा सेनाले आङ सान सुकी नेतृत्वको सरकार अपदस्थ गरेपछि देशव्यापी विरोध प्रदर्शन भड्किएको थियो, जसले म्यान्मालाई गहिरो गृहयुद्धतर्फ धकेलेको छ । सुरक्षा समस्या भएका कारण देशका ३३० टाउनसिपमध्ये करिब ७० भन्दा बढी क्षेत्रमा मतदान हुन सकेन, जसले गर्दा चुनावको निष्पक्षता र विश्वसनीयतामाथि प्रश्न उठेको छ।

मलेसियाका विदेशमन्त्री मोहम्मद हसनले संसद्मा म्यान्मा सदस्य रहेको दक्षिणपूर्वी एसियाली राष्ट्रहरूको सङ्घ (आसियान) ले समावेशी सहभागिता र स्वतन्त्रताको अभाव देखाउँदै पर्यवेक्षक नपठाएको र चुनावलाई मान्यता नदिने निर्णय गरेको बताए । यो ११ सदस्यीय क्षेत्रीय समूहको तर्फबाट निर्वाचन नमान्ने पहिलो स्पष्ट सार्वजनिक अभिव्यक्ति हो।

यस चुनावमा रूस, चीन, बेलारुस, कजाकिस्तान, निकारागुआ, भियतनाम र कम्बोडियाजस्ता अधिनायकवादी भनिने मुलुकका साथै भारत र जापानबाट पर्यवेक्षकहरू आएका छन् । तर ८० वर्षीया पूर्व नेतृ आङ सान सुकी र उनको दल नेसनल लिग फर डेमोक्रेसीले चुनाव बहिष्कार गरेका छन् । सुकी अहिले २७ वर्षको जेल सजाय भोगिरहेका छन्, जसलाई व्यापक रूपमा राजनीतिक रूपमा प्रेरित र नक्कली मुद्दा भनिएको छ। उनको दल सन् २०२३ मा नयाँ सैन्य नियमअनुसार दर्ता गर्न अस्वीकार गरेपछि विघटन गर्न बाध्य बनाइएको थियो।

अन्य धेरै दलले पनि अनुचित सर्तहरू भन्दै दर्ता नगरेका वा चुनावमा नउत्रिने निर्णय गरेका थिए। विपक्षी समूहहरूले मतदान बहिष्कारको आह्वानसमेत गरेका छन् । नयाँ निर्वाचन संरक्षण कानूनले चुनावको आलोचना गर्नेहरूलाई कडा सजायको व्यवस्था गरेको छ, जसअन्तर्गत हालै ४०० भन्दा बढी व्यक्तिमाथि पत्रपत्रिका वा अनलाइन गतिविधिका कारण मुद्दा चलाइएको छ।

सैन्य सरकारका अनुसार शासनविरुद्ध लडिरहेका सशस्त्र समूहहरूले अघिल्ला दुई चरणमा मतदान केन्द्र र सरकारी भवनहरूमा आक्रमण गर्दा कम्तीमा दुई प्रशासनिक अधिकारीको ज्यान गएको थियो। आइतबार बिहान ६ बजेदेखि छ क्षेत्र र तीन राज्यका ६१ टाउनसिपमा मतदान भएको हो, जसमा हालै झडप भएका क्षेत्रहरू पनि समावेश छन्।

सशस्त्र द्वन्द्वकै कारण तीन चरणमा निर्वाचन गरिएको हो । डिसेम्बर २८ र जनवरी ११ मा भएका पहिलो दुई चरणमा ३३० मध्ये २०२ टाउनसिपमा मतदान भएको थियो । सशस्त्र विपक्षीको नियन्त्रणमा रहेका ६७ टाउनसिपमा मतदान नभएकाले ६६४ सदस्यीय संसद्का सिट घटेर ५८६ मा सीमित भएको छ।

केन्द्रीय निर्वाचन आयोगका अनुसार पहिलो दुई चरणपछि युएसडिपीले संसद्का दुवै सदनमा २३३ सिट जितेको छ । सेनाका लागि आरक्षित १६६ सिट जोड्दा यो पक्षसँग आवश्यक २९४ भन्दा धेरै सिट पुगेका छन् । अन्य १७ दलले एकदेखि १० सिटसम्म मात्र जितेका छन्।

अन्तिम नतिजा यस हप्ताको अन्त्यसम्म सार्वजनिक हुने अपेक्षा गरिएको छ । सैन्य सरकारले मार्चमा संसद् बोलाउने र अप्रिलमा नयाँ सरकारले कार्यभार सम्हाल्ने जनाएको छ। देशभर ५७ राजनीतिक दलका चार हजार ८०० भन्दा बढी उम्मेदवार राष्ट्रिय तथा क्षेत्रीय सभाका लागि प्रतिस्पर्धामा थिए । सैन्य सरकारका अनुसार दुई करोड ४० लाखभन्दा बढी योग्य मतदाता रहे पनि यो संख्या सन् २०२० को तुलनामा ३५ प्रतिशत कम हो । पहिलो दुई चरणमा ५० देखि ६० प्रतिशत मतदान भएको दाबी गरिएको छ। रासस

## राष्ट्रिय सभा निर्वाचन २०८२:

# अधिकांश प्रदेशमा कांग्रेस–एमाले गठबन्धनको वर्चस्व

## बागमतीमा काँग्रेसकी देवकोटा र एमालेका दङ्गाल विजयी



राष्ट्रिय सभाको आईतबार भएको निर्वाचनमा बागमती प्रदेशबाट महिलातर्फ नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवार विजयी भएका छन् । कांग्रेस उम्मेदवार गीता देवकोटा र एमाले उम्मेदवार प्रेमप्रसाद दङ्गाल विजयी भएका हुन् ।

कांग्रेसकी देवकोटाले ६ हजार २३९ मतभार प्राप्त गरेकी छिन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की सरोजकुमारी झाले दुई हजार ५२२ मतभार प्राप्त गरेकी थिइन् । नेपाल मजदुर किसान पार्टीकी कविता महर्जनले १९७ मतभार प्राप्त गरेकी थिइन् ।

यसैगरी नेपाली कांग्रेस र नेकपा (एमाले) का गठबन्धनका साझा उम्मेदवार एमालेका प्रेमप्रसाद दङ्गालले ६ हजार २०५ मतभार प्राप्त गरी विजयी भएका छन् । उनका निकटतम प्रतिस्पर्धी नेकपाका प्रेमप्रसाद सापकोटाले दुई हजार ५४१ मतभार तथा नेपाल मजदुर किसान पार्टीका विक्रम ढुकुछुले १९७ मतभार प्राप्त गरेको प्रमुख निर्वाचन अधिकृत गीता श्रेष्ठले जानकारी दिइन् ।

## गण्डकी प्रदेशमा काँग्रेसका तिमिल्सिना र एमालेकी देवकोटा विजयी

राष्ट्रियसभा सदस्य निर्वाचन–२०८२ अन्तर्गत गण्डकी प्रदेशबाट 'अन्य समूह' मा नेपाली कांग्रेसका जगत तिमिल्सिना र 'महिला समूह' मा नेकपा (एमाले)का उम्मेदवार सम्झना देवकोटा विजयी भएका छन् । पोखरामा सम्पन्न मतदानमा तिमिल्सिनाले पाँच हजार ३३ मतभारसहित विजयी हुँदा उनका निकटतम प्रत्याशी नेपाली कम्युनिष्ट पार्टीका कपिल लामाले ९४१ मतभार पाएका थिए । यस समूहमा राष्ट्रिय जनमोर्चाका शङ्करप्रसाद बरालले ७६ मतभार पाएको निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । यसैगरी महिला समूहमा एमालेका देवकोटाले पाँच हजार १४ मतभार पाएकी थिइन् । नेपाली कम्युनिष्ट पार्टीका गोमा लुइँटेल घिमिरेले ९४१ मतभार पाएकी थिइन् । राष्ट्रिय जनमोर्चाका लक्ष्मी बाँस्कोटाले ७६ मतभार पाएकी थिइन् ।

राष्ट्रियसभा चुनावका लागि गण्डकी प्रदेशमा नेपाली कांग्रेस र नेकपा (एमाले) ले साझा उम्मेदवार उठाएका थिए । राष्ट्रियसभामा प्रदेशसभाका ५९ सदस्यमध्ये ५७ जना र स्थानीय तहका १६९ मतदातामध्ये १६६ जनाले मतदान गरेका प्रदेश निर्वाचन कार्यालय गण्डकीका सूचना अधिकारी रुद्र न्यौपानेले जानकारी दिए ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई जना प्रदेशसभा सदस्य र स्थानीय तहका तीन जनप्रतिनिधि मतदानमा अनुपस्थित रहे । विजयी उम्मेदवारलाई निर्वाचन अधिकृत हिमलाल बेल्बासे, गण्डकीका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेलगायतले प्रमाणपत्र वितरण गरेका थिए ।

पोखरा महानगरपालिका–७ रत्नचोकस्थित प्रदेश निर्वाचन कार्यालय परिसरमा बिहान ९:०० बजेदेखि अपराह्न ३:०० बजेसम्म मतदान भएको थियो । राष्ट्रियसभा सदस्य निर्वाचनका लागि प्रदेशसभा सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख एवं अध्यक्ष र उपाध्यक्ष मतदाता हुने कानुनी व्यवस्था छ । रासस

## राष्ट्रिय झण्डाको गरिमा र मर्यादालाई ध्यानमा राख्न आग्रह

**काठमाडौँ ।**

गृह मन्त्रालयले राष्ट्रिय झण्डाको प्रयोग गर्दा त्यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्न आग्रह गरेको छ ।

मन्त्रालयले आइतबार विज्ञप्ति जारी गरी भनेको छ, 'राष्ट्रको गौरव र स्वाभिमानको प्रतीक राष्ट्रिय झण्डाको प्रयोग गर्दा यसको उच्च गरिमा र मर्यादालाई ध्यानमा राखी प्रचलित कानुनबमोजिम मात्र प्रयोग गर्नु होला, अन्यथा यसको दुरुपयोग भएको पाइएमा कानुनबमोजिम कारबाही हुने व्यहोरा गृह मन्त्रालय सबैमा हार्दिक अनुरोध गर्दछ ।'

निर्वाचन आचारसंहिता, २०८२ को परिच्छेद ४, दफा १३ को खण्ड (न) मा दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको ¥याली गर्दा बढीमा १० वटा राष्ट्रिय झण्डा प्रयोग गर्नबाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने व्यवस्था गरिएको मन्त्रालयको भनाइ छ ।

त्यसैगरी मुलुकी अपराधसंहिता, २०७४ को दफा १५१ मा नेपालको राष्ट्रिय झण्डाको अपमान गर्न वा सार्वजनिक नैतिकता, शिष्टाचार वा सदाचारको दृष्टिकोणले प्रयोग गर्न नहुने ठाउँ वा अवस्थामा नेपालको राष्ट्रिय झण्डा प्रयोग गर्न नहुने व्यवस्था रहेको र सो को उल्लङ्घन भएमा सजायको व्यवस्थासमेत गरिएको छ ।

नेपालको राष्ट्रिय गौरवको प्रतीक राष्ट्रिय झण्डाको प्रयोगलाई व्यवस्थित, मर्यादित र सम्मानजनक बनाउन 'राष्ट्रिय झण्डा र राष्ट्रिय गीतको प्रयोगसम्बन्धी कार्यविधि, २०६९' कार्यान्वयनमा रहेको छ ।

राष्ट्रिय झण्डाको आकार, प्रयोग, प्रयोग गर्ने विधि, राष्ट्रिय झण्डा फहराउने विधि एवम् राष्ट्रिय झण्डाको प्रयोगमा निषेध सहितका प्रावधानहरु रहेका छन् ।

त्यसैगरी प्रमुख जिल्ला अधिकारीलाई आफ्नो क्षेत्रभित्र यस कार्यविधिबमोजिम राष्ट्रिय झण्डाको प्रयोग भए÷नभएको सम्बन्धमा नियमित रूपमा अनुगमन गर्ने प्रावधान छ । मन्त्रालयले भनेको छ, 'राष्ट्रिय झण्डाको अपमान हुने किसिमको कुनैपनि कार्य गर्न वा गराउन, राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्नेगरी) राख्न, राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न, कुनै सामान पोको पार्न, व्यापारिक प्रयोजनका लागि विज्ञापनको उद्देश्यले राष्ट्रिय झण्डाको दुरूपयोग गर्न, व्यक्तिले आफ्नो शरीरमा राष्ट्रिय झण्डाको प्रतीक टाँस्दा, छाप्दा वा लगाउँदा कम्मरभन्दा माथिको भागबाहेक अन्यत्र लगाउन वा यसरी प्रयोग गर्दा चन्द्रमा तल पर्नेगरी लगाउन, शरीरको छातीभन्दा तलको भागमा लगाइने कुनै पनि भित्री/बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक/चित्र राख्न, फहराउने प्रकृतिको (राष्ट्रिय झण्डा ओहालेर राख्दाबाहेक) कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग गर्न निषेध गरिएको छ ।' रासस

## लुम्बिनीमा कांग्रेस र एमालेका उम्मेदवार विजयी



राष्ट्रिय सभा निर्वाचनमा लुम्बिनी प्रदेशबाट नेपाली कांग्रेस र नेकपा (एमाले) का उम्मेदवारहरू विजयी भएका छन् । महिलातर्फ एमालेकी रामकुमारी झाँक्री तथा अन्यतर्फ कांग्रेसका चन्द्रबहादुर केसी र अपाङ्ग÷अल्पसंख्यक कोटामा वासुदेव घिमिरे विजयी भएका हुन् ।

महिलातर्फ एमालेकी झाँक्री ६ हजार ३०३ मतभारसहित विजयी भएकी हुन् । उनकी निकटम प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की दुर्गाकुमारी भण्डारीले एक हजार ३६२ मत तथा राष्ट्रिय जनमोर्चाकी पद्मा पण्डितले १५२ मतभार प्राप्त गरेकी थिइन् । यसैगरी अन्यतर्फ कांग्रेसका चन्द्रबहादुर केसी पाँच हजार ९७७ मतभारसहित विजयी भएका छन् ।

उनका निकटतम प्रतिद्वन्द्वी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का वृहस्पति अधिकारीले एक हजार ८३२ मतभार प्राप्त गरेका थिए ।

यस्तै राष्ट्रिय जनमोर्चाका बमबहादुर खत्रीले १३३ मतभार पाएका थिए । यस्तै अपाङ्ग÷अल्पसंख्यकतर्फ कांग्रेसका वासुदेव घिमिरे ६ हजार ३२२ मतभारसहित विजयी भए भने नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का सर्जन विकले एक हजार ६०१ मतभार पाएका थिए ।

निर्वाचनमा प्रदेशसभातर्फ ७८ र स्थानीयतहतर्फ २०८ मत खसेको थियो । जसमा प्रदेशसभातर्फ महिला ३० र पुरुष ४८ मत खसेको थियो । जम्मा प्रदेशसभातर्फ ८३ मतमा पाँच जना र स्थानीय तहतर्फ २१७ मतदातामध्ये नौ जना अनुपस्थित रहेको थियो ।

## सुदूरपश्चिममा कांग्रेसका खाती र एमालेकी भण्डारी विजयी





राष्ट्रियसभा निर्वाचन २०८२ अन्तर्गत सुदूरपश्चिम प्रदेशको धनगढीमा नेपाली कांग्रेसका खम्मबहादुर खाती र नेकपा (एमाले) की लिलाकुमारी भण्डारी विजयी भएका छन् । अन्य समूहतर्फ खाती र महिलातर्फ भण्डारी विजयी भएकी हुन् ।

कांग्रेस उम्मेदवार खातीले तीन हजार ९६९ मतभार पाएका थिए । उनका निकटतम प्रतिद्वन्दी नेपाली कम्युनिष्ट पार्टीका टीकाराम जैसीले एक हजार ८०५ मतभार प्राप्त गरेको प्रदेश निर्वाचन कार्यालयका प्रमुख प्रेमराज भट्टले जानकारी दिए ।

यस्तै महिलातर्फ विजयी एमालेकी भण्डारीले तीन हजार ९८४ मतभार पाएकी थिइन् । उनका निकटतम प्रतिद्वन्दी नेपाली कम्युनिष्ट पार्टीकी रोजी बस्नेतले एक हजार ६७६ मतभार पाएकी थिइन् । कुल २२४ मतदाता रहेकामा ४९ प्रदेशसभा सदस्य र १७१ पालिकाका प्रमुख/उपप्रमुख तथा अध्यक्ष/उपाध्यक्ष गरी २२० मतदाताले मतदानमा भाग लिएका थिए ।

धनगढी उपमहानगरपालिकाका प्रमुख गोपाल हमाल, प्रदेशसभा सदस्यद्वय नेपाली कांग्रेसका प्रकाशबहादुर देउवा र राप्रपाकी खेमादेवी विष्ट, कैलालीको जोशीपुर गाउँपालिकाकी उपाध्यक्ष रेखा कठरिया मतदानमा अनुपस्थित थिइन् । सुदूरपश्चिम प्रदेशबाट राष्ट्रियसभामा निर्वाचित दुई सदस्य पदको पदावधि आगामी फागुनमा सकिन लागेकाले यी दुई पदका लागि निर्वाचन भएको हो ।

त्रिपन्न सदस्यीय सुदूरपश्चिम प्रदेशसभाका एक सदस्य निलम्बनमा परेको र अर्का एक सदस्यले राजीनामा दिएका छन् । यस्तै ८८ पालिका तहका प्रमुख, उपप्रमुख/अध्यक्ष, उपाध्यक्ष गरी १७६ मतदाता छन् । नेपाली कांग्रेस र नेकपा (एमाले)ले राष्ट्रिय सभा सदस्यको चुनावमा गठबन्धन गरेको थियो । रासस

## कोशीमा काँग्रेस एमाले गठबन्धनकी मेचे र एमालेका पोर्तेल निर्वाचित



राष्ट्रिय सभा सदस्यमा कोशी प्रदेशबाट नेकपा (एमाले) की रोशनी मेचे र सोमनाथ पोर्तेल निर्वाचित भएका छन् । आईतबार भएको निर्वाचनमा नेपाली कांग्रेस र नेकपा (एमाले) गठबन्धनका तर्फबाट महिलातर्फ एमालेकी मेचेले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की नमिता न्यौपानेलाई पराजित गरेकी हुन् । मेचेले सात हजार १७३ मतभार प्राप्त गरेकी थिइन् भने न्यौपानेले दुई हजार २६८ मतभार प्राप्त गरेकी थिइन् ।

यसैगरी दलिततर्फ नेकपा (एमाले) का पोर्तेल निर्वाचित भएका छन् । पोर्तेलले नेपाली कम्युनिष्ट पार्टी (नेकपा) का खेम सुन्दासलाई पराजित गरेका थिए । पोर्तेलले सात हजार ४२३ मतभार प्राप्त गरेका थिए भने सुन्दासले दुई हजार २७ मतभार ल्याएका थिए ।

कोशी प्रदेशमा राष्ट्रिय सभाका तीन सदस्य पदका लागि निर्वाचन भएको हो । खुल्ला सदस्यमा यसअघि नै नेपाली कांग्रेसका सुनिलबहादुर थापा निर्विरोध निर्वाचित भएका थिए । राष्ट्रियसभा सदस्य निर्वाचनमा कोशी प्रदेशमा १३७ स्थानीय तहमध्ये नेपाली कांग्रेसका ११३, एमालेका १०८, नेपाली कम्युनिष्ट पार्टीका ३६, जसपा नेपाल र राप्रपाका चार–चार तथा स्वतन्त्र दुई जना रहेका थिए । प्रदेशसभामा नेपाली कांग्रेसका २९, एमालेका ४०, नेकपाका १७, राप्रपाका पाँच र जसपाका एक सांसद मतदाता थिए । प्रतिनिधिसभामा उम्मेदवारी दिएका नेकपाका तीन, एमालेका दुई, श्रम संस्कृति पार्टीका एक र भ्रष्टाचार मुद्धाका कारण झापा गाउँपालिकाका अध्यक्ष निलम्बनमा परेका कारण मतदाता सूचीबाट उनको नाम हटाइएको थियो ।

## मधेस प्रदेशमा काँग्रेस, एमाले र जसपाका उम्मेदवार विजयी



मधेस प्रदेशमा सम्पन्न राष्ट्रियसभा सदस्य निर्वाचन २०८२ मा विभिन्न चार वटा कलष्टरतर्फ भएका निर्वाचनमा फरक–फरक दलका उम्मेदवार विजयी भएका छन् । महिला कलष्टरतर्फ नेकपा (एमाले) की रेखा झा सात हजार २२२ मतसहित विजयी भएकी छिन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टी (नेकपा) की शमीकुमारी अग्रवालले एक हजार ९४४ मत प्राप्त गरेकी थिइन् भने जनता समाजवादी पार्टी (जसपा) की चन्द्रकलादेवी साहले ३२२ मत प्राप्त गरेकी थिइन् । यस कलष्टरमा ३५७ मत बदर भएको निर्वाचन कार्यालयले जनाएको छ ।

अल्पसंख्यक कलष्टरतर्फ नेपाली कांग्रेसका रञ्जित कर्ण आठ हजार ९३ मतसहित विजयी भएकी छिन् । नेकपाका रामनन्दन प्रसादले एक हजार ३६१ मत तथा जसपाका शैलेशकुमार चौधरीले २७७ मत प्राप्त गरेका थिए । यसतर्फ ११४ मत बदर भएको छ ।

दलित कलष्टरतर्फ नेपाली कांग्रेसका धर्मेन्द्र पासवान सात हजार ९०४ मतसहित निर्वाचित भएका छन् । नेकपाका शम्भु पासवानले एक हजार ३७६ मत र जसपाकी चमेलीदेवी दासले २०९ मत प्राप्त गरेकी थिइन् । यस कलष्टरमा १८६ मत बदर भएको जनाइएको छ ।

अन्य कलष्टरतर्फ जसपाका महन्थ ठाकुर सात हजार ७२५ मतसहित विजयी भएका छन् । उनका प्रतिस्पर्धी नेकपाका लक्ष्मण पौडेलले एक हजार ८०५ मत प्राप्त गरेका थिए भने ३१५ मत बदर भएको छ । निर्वाचन कार्यालयका अनुसार राष्ट्रियसभा सदस्य निर्वाचन–२०८२ अन्तर्गत मधेस प्रदेशमा कूल १०० प्रदेशसभा सदस्यमध्ये ९९ जना तथा २६४ पालिका प्रतिनिधि (प्रमुख, उपप्रमुख तथा अध्यक्ष र उपाध्यक्ष) मध्ये २४२ जनाले मतदान गरेका थिए ।

## कर्णालीमा कांग्रेसका शाही र एमालेकी रखाल विजयी



राष्ट्रियसभा सदस्यको निर्वाचनमा कर्णाली प्रदेशबाट नेपाली कांग्रेसका ललितजङ्ग शाही र नेकपा (एमाले) की मीना रखाल विजयी भएका छन् । आईतबार सम्पन्न निर्वाचनमा अन्यबाट जुम्लाका शाही र महिलातर्फ दैलेखकी रखाल विजयी भएका हुन् ।

शाहीले प्रदेशसभातर्फ २६ र स्थानीय तहतर्फ १०० मत प्राप्त गरेका थिए । त्यस्तै, रखालले प्रदेशसभातर्फ २६ र स्थानीय तहतर्फ ९३ मत प्राप्त गरेको निर्वाचन कार्यालय सुर्खेतका सूचना अधिकारी नन्दराम चौलागाईंले जानकारी दिए । उनका अनुसार शाहीका प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीका बुद्धिप्रसाद शर्माले प्रदेशसभातर्फ १३ र स्थानीय तहतर्फ ५० मत प्राप्त गरेका थिए ।

त्यस्तै रखालका प्रतिस्पर्धी नेपाली कम्युनिष्ट पार्टीकी अन्जु महताराले प्रदेशसभातर्फ १३ र स्थानीय तहतर्फ ५५ मत प्राप्त गरेको सूचना अधिकारी चौलागाईंले बताए । उनका अनुसार ६ मत बदर भएको थियो । कर्णालीमा कुल मतसंख्या १९८ हुँदा प्रदेशसभाका ४० सदस्यमध्ये ३९ जनाले मतदान गरेका थिए । त्यस्तै, ७९ स्थानीय तहका १५८ जनप्रतिनिधिमध्ये १५२ मत खसेको थियो ।

# ‘क्लिन जनकपुरधाम, ग्रीन जनकपुरधाम’ अभियानमा गमला तथा बिरुवा वितरण



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाम उद्योग वाणिज्य संघले नगरलाई ‘क्लिन जनकपुरधाम, ग्रीन जनकपुरधाम’ बनाउने उद्देश्यका साथ शहरका विभिन्न पसलहरूमा गमला तथा बिरुवा वितरण गरेको छ । पर्यटकको चाप बढी हुने क्षेत्रलाई लक्षित गर्दै जनकपुरधाम उद्योग वाणिज्य संघले व्यापारिक प्रतिष्ठानहरूमा गमला तथा बिरुवा वितरण गरेको हो । नगरलाई सफा, स्वच्छ र हरियालीयुक्त बनाउने उद्देश्यले संघले व्यापारीहरूसँग प्रत्यक्ष सम्पर्क गरी अभियान सञ्चालन गरेको जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारीले जानकारी दिए ।

अध्यक्ष भण्डारीले जनकपुरधाम आउने पर्यटकहरूले शहरको सफाइ र सौन्दर्यको प्रशंसा गरुन् भन्ने संघको मुख्य लक्ष्य रहेको बताए ।

उनका अनुसार जानकी मन्दिरदेखि जनक चोक, जानकी मन्दिरदेखि महावीर चोक तथा जानकी मन्दिरदेखि रामानन्द चोकसम्मका पसलमा गमला तथा बिरुवा वितरण गरिएको हो ।

बिरुवा तथा गमला वितरण कार्यक्रम जनकपुरधाम उद्योग वाणिज्य संघ, प्राइम बैंक जनकपुरधाम शाखा, कपडा तथा रेडिमेड व्यवसायी संघ र जनकपुरधाम उपमहानगरपालिकाको संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

कार्यक्रममा प्राइम बैंकले आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत एक हजार बिरुवा वितरण गरेको प्राइम बैंक जनकपुरधाम शाखाका प्रमुख शुभम साहले जानकारी दिए ।

# ‘फेक रेस्क्यू’को नक्कली कागजात बनाएर ठग्ने ६ पक्राउ

**काठमाडौँ ।**
प्रहरीले ‘फेक रेस्क्यू’ गरी नक्कली कारोबार गर्ने र पर्यटकलाई ठगी गर्ने ६ जनालाई पक्राउ गरेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले फेक रेस्क्यूमा संलग्न विभिन्न ट्राभल कम्पनीका सञ्चालक पक्राउ गरी आइतबार पत्रकार सम्मेलनमार्फत सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा जयराम रिमाल, विवेक पाण्डे, रवीन्द्र अधिकारी, विवेकराज थपलिया, मुक्ति पाण्डे र सुभाष केसी रहेका छन् । पक्राउ परेका रिमाल र पाण्डे माउन्टेन रेस्क्यू सर्भिसमा, अधिकारी र थपलिया नेपाल चार्टर सर्भिस प्रालिमा र पाण्डे र कसी एभरेष्ट एक्सपिरियन्स एन्ड एसिस्टेन्स प्रालिमा आबद्ध रहेका थिए ।

पत्रकार सम्मेलनमा ब्यूरोका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक (एआइजी) डा मनोज केसीले पक्राउ परेका छ जनामाथि राष्ट्रहितविरुद्धको कसुर, आपराधिक लाभ, सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दामा अनुसन्धान जारी रहेको बताए ।

उनले माउन्टेन रेस्क्यू सर्भिस प्रालिले एक हजार २ सय ४८ जनामध्ये १ सय ७१ जनाको फेक रेस्क्यू गरेको अनुसन्धानबाट खुलेको जानकारी दिए । सोवापत कम्पनीले १० करोडभन्दा बढी अमेरिकी डलर बीमा दाबी गरेको पाइएको ब्यूरोले जनाएको छ ।

यस्तै, नेपाल चार्टर सर्भिस प्रालिले ४ सय ७१ जना रेस्क्यू गर्दा ७५ जनाको फेक रेस्क्यू गरेको खुलेको छ ।

त्यसबाट कम्पनीले ८२ लाख डलर माग दाबी गरेको पाइएको छ । यसैगरी, एभरेस्ट एक्सपिरियन्स एन्ड एसिस्टेन्स प्रालिले ६ सय १ जनामध्ये ७१ पर्यटकको शङ्कास्पद रेस्क्यु गरेको खुलेको छ । त्यसबाट कम्पनीले ११ लाख ५३ हजार अमेरिकी डलर माग दाबी गरेको ब्यूरोले जनाएको छ ।

ब्यूरो प्रमुख केसीले फेक रेस्क्यूको उजुरी अझै आइरहेको बताए । ‘विशेषगरी उच्च हिमाली क्षेत्रमा आउने विदेशी पर्यटकको उद्धार र उपचारको आवरणमा गैरकारोबार भएकाबारे उजुरी र विभिन्न सञ्चारमाध्यममा आएको खबरलाई लिएर अनुसन्धान सुरु गरेका थियौँ,’ उनले भने,‘साढे दुई महिनाको अनुसन्धान गर्दा फेक रेस्क्यूबारे धेरै पाटा खुलेको छन् । थप अनुसन्धान जारी छ ।’

# लामिछानेविरुद्धको मुद्दामा थप प्रमाण झिकाउन आदेश



**काठमाडौँ ।**
सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी संशोधनविरुद्धको मुद्दामा थप प्रमाण झिकाउन आदेश दिएको छ ।

न्यायाधीश डा मनोजकुमार शर्मा र श्रीकान्त पौडेलको संयुक्त इजलासले आइतबार आदेश दिएको हो । आदेशमा भनिएको छ, ‘यसमा महान्यायाधिवक्ता समेतले बहसका क्रममा अभियोगपत्र दायर भइसकेपश्चात् थप प्रमाण फेला परेकाले अभियोगपत्रमा संशोधन गर्ने निर्णय गरिएको भन्ने जिकिर लिनुभएकाले उक्त अभियोगपत्रमा संशोधन सम्बन्धमा फेला परेका थप सङ्कलन प्रमाण कागजातहरु महान्यायाधिवक्ताको कार्यालयबाट झिकाई आएपश्चात् नियमअनुसार अन्तरिम आदेश छलफलका लागि पेस गर्नुहोला ।’

यसअघि, यही माघ ६ गते न्यायाधीश अब्दुर अजीज मुसलमानको एकल इजलासले लामिछानेमाथि लागेको सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध कसुरको मुद्दा महान्यायाधिवक्ता कार्यालयले संशोधन गरेको गत पुस ३० गतेको निर्णयको सक्कलप्रति झिकाउने आदेश गरेको थियो ।

सभापति लामिछानेविरुद्ध सहकारी ठगीसँगै सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा दायर भएको थियो । महान्यायाधिवक्ता कार्यालयले लामिछानेसँगै सहकारी ठगी प्रकरणमा दायर भएका अन्य प्रतिवादीको पनि सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध कसुरको मुद्दा संशोधन गरेर फिर्ता लिएको थियो । उक्त निर्णयविरुद्ध नेपाल बार एसोसिएसन, विभिन्न मानव अधिकारवादी सङ्घसंस्था र नागरिक समाजले विरोध गर्दै आएका छन् ।

# ९ महिना बित्दा पनि खुल्न सकेन मल्लाहको मृत्यु रहस्य

**मधेशदृष्टि**
**रुपन्देही ।**
लुम्बिनी सांस्कृतिक नगरपालिका–२, मौजा भरथापुर निवासी धरभरन मल्लाहको जीवन पछिल्ला नौ महिना यता सङ्घर्षपूर्ण बनेको छ ।

उनका २२ वर्षीय छोरा बाबुराम मल्लाहको मृत्युको कारण प्रहरीले अहिलेसम्म पत्ता लगाउन नसक्दा परिवार न्यायको प्रतीक्षामा छ । धरभरन मल्लाहका अनुसार बाबुराम वैशाख २५ गते बिहान करिब ४ बजे घरबाट निस्किएका थिए ।

लामो समयसम्म घर नफर्किएपछि इलाका प्रहरी कार्यालय लुम्बिनीमा जानकारी गराइएको थियो । भोलिपल्ट वैशाख २६ गते साँझ करिब ६ बजे दानव नदीको पूर्वतर्फ किरानामा डुबेको अवस्थामा एक शव फेला परेको खबर प्रहरी र स्थानीयवासीमार्फत प्राप्त भएको



उनले बताए । भीम अस्पतालमा राखिएको शव हेर्दा आफ्नै छोरा भएको पुष्टि भएपछि परिवार शोकमा डुबेको मल्लाहको भनाइ छ । ‘हामीलाई छोराको मृत्यु स्वाभाविक लाग्दैन, उस्को हत्या गरिएको हो,’ धरभरन मल्लाहले भने ।

उनले छोराको हत्या भएको आशङ्कासहित जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा उजुरीसमेत दिनुभएको छ । तर घटनाको यति लामो समय बितिसक्दा पनि कुनै ठोस प्रगति वा जानकारी नपाएको उनको गुनासो छ ।

मल्लाहका अनुसार मृतक बाबुराम र रुपन्देहीको गैडहवा गाउँपालिका–७ छतरापुर निवासी ५६ वर्षीय राधेश्याम मल्लाहकी छोरीबीच प्रेम सम्बन्ध थियो । यही विषयलाई लिएर विगतमा पनि बाबुराम र राधेश्यामबीच विवाद हुँदै आएको थियो ।

‘यसै कारण हामी बिना आधार यसलाई सामान्य मृत्यु मान्न सक्ने अवस्थामा छैनौँ,’ मल्लाहले भने । साथै, पोस्टमार्टम रिपोर्टबारे पनि परिवारलाई कुनै स्पष्ट जानकारी नदिइएको उनको आरोप छ । यता जिल्ला प्रहरी कार्यालय रुपन्देहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक सुरज कार्कीले घटनाको अनुसन्धान जारी रहेको बताए । उनका अनुसार मृतकको शरीरमा बाह्य चोटपटक नदेखिए पनि पोस्टमार्टम रिपोर्टमा मृत्युको ठोस कारण खुल्न सकेको छैन । ‘पोस्टमार्टम रिपोर्ट परिवारलाई सिधै हस्तान्तरण गर्न नमिल्ने कानूनी व्यवस्था छ,’ उनले जानकारी दिए ।

पछिल्लो समय जिल्ला प्रहरी कार्यालय रुपन्देहीले मासिक प्रगति विवरण सार्वजनिक गर्दै आएको भए पनि यस्ता गम्भीर प्रकृतिका घटनामा पीडित परिवारले न्याय नपाएको गुनासो बढ्दै गएको छ । यसले अनुसन्धान प्रक्रियामा कतै कमजोरी त छैन भन्ने प्रश्नसमेत उठाएको छ ।

# सर्लाहीमा प्रतिनिधिसभा चुनावको चहलपहल तीव्र

**सर्लाही ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको चहलपहल तीव्र बन्दै गएको छ । चार वटा निर्वाचन क्षेत्र रहेको सर्लाहीमा प्रमुख राजनीतिक दलका साथै स्वतन्त्र उम्मेदवारहरू चुनावी मैदानमा उत्रिएका छन् ।

निर्वाचन क्षेत्र अनुसार क्षेत्र न–१ बाट २९ जना, क्षेत्र न–२ बाट ३१ जना, क्षेत्र न– ३ बाट ३४ जना र क्षेत्र न–४ बाट ३९ जना उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । सर्लाहीमा कुल १३३ जना उम्मेदवार रहेकाले यस पटकको निर्वाचनमा चहलपहल अन्य समयको तुलनामा बढी देखिएको छ ।

नेपाली कांग्रेसका केन्द्रीय सभापति गगन थापा सर्लाही क्षेत्र न–४ बाट उम्मेदवार बनेका छन् । उनलाई कांग्रेसभित्र भावी प्रधानमन्त्रीका सम्भावित उम्मेदवारका रूपमा पनि हेरिएको छ । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका डा. अमरेश कुमार सिंह पनि चुनावी प्रतिस्पर्धामा रहेका छन् ।

सर्लाही क्षेत्र न–२ मा नेपाल कम्युनिस्ट पार्टी (नेकपा) का केन्द्रीय सदस्य तथा पूर्वमन्त्री नारायणकाजी श्रेष्ठ उम्मेदवार बनेका छन् । उनलाई राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोले कडा चुनौती दिएका छन् । यी शीर्ष नेताहरूको प्रतिस्पर्धाका कारण सर्लाहीको चुनावी माहोल थप तातेको छ ।

**महिला उम्मेदवार ६ जना मात्र**

सर्लाहीमा प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि उम्मेदवारी दिएका १३२ जनामध्ये महिला उम्मेदवार केवल ६ जना मात्र रहेका छन् । तीमध्ये ३ जना स्वतन्त्र र ३ जना राजनीतिक दलबाट उम्मेदवार बनेका हुन् ।

निर्वाचन क्षेत्र न–१ बाट राष्ट्रिय स्वतन्त्र पार्टीकी नितिमा भण्डारी कार्की एकमात्र महिला उम्मेदवार रहेकी छन् । क्षेत्र न–२ बाट कञ्चन चौधरी स्वतन्त्र उम्मेदवारको रूपमा दर्ता भएकी छन् । क्षेत्र न–३ बाट नेपाल मजदुर किसान पार्टीकी रामा कोइराला र स्वतन्त्र उम्मेदवार लक्ष्मी कुमारी अधिकारी उम्मेदवार रहेकी छन् । यस्तै क्षेत्र न–४ बाट आम जनता पार्टीबाट एक महिला उम्मेदवार मैदानमा रहेकी छन् ।

सर्लाहीमा उम्मेदवारको संख्या धेरै भए पनि महिला सहभागिता न्यून देखिएको छ, जसले समावेशिताको सवाललाई पुनः उठाएको छ ।




# माउन्ट एभरेष्ट तेक्वान्दो फागुनमा

**काठमाडौँ ।**
नेपाल तेक्वान्दो सङ्घको आयोजनामा चौथो माउन्ट एभरेष्ट अन्तरराष्ट्रिय तेक्वान्दो प्रतियोगिता (डब्लुटी जी वान) तथा दोस्रो माउन्ट एभरेष्ट जिसिएस अन्तरराष्ट्रिय पुम्से प्रतियोगिता (डब्लुटी जी वान) फागुन १ गतेदेखि हुने भएको छ ।

प्रतियोगितामा २० राष्ट्रका करिब एक हजार ५०० खेलाडीको सहभागिता रहने आयोजक सङ्घका उपाध्यक्ष भानबहादुर चन्दले आज यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । उनका अनुसार गेरोगी÷पुम्सेतर्फ जम्मा ७४ स्वर्णका लागि प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा राष्ट्रिय खेलकुद परिषद् (राखेप) ले सञ्चालन गरिरहेको मिसन– २०२६ को विशेष प्रशिक्षणमा रहेका खेलाडी पनि सहभागी हुने सङ्घका सदस्य कुमार लामा घिसिङले बताए ।

प्रतियोगिता सञ्चालन गर्न करिब तीन करोड रुपैयाँ खर्च लाग्ने आयोजकले जनाएको छ ।

प्रतियोगितालाई सफलतापूर्वक सम्पन्न गर्न सङ्घका सल्लाहकार परिषद्का अध्यक्ष एवम् तेक्वान्दो सङ्घका पूर्वअध्यक्ष प्रकाशशम्शेर राणाको अध्यक्षतामा मूल आयोजक समिति गठन गरिएको छभने विभिन्न १३ उपसमिति पनि गठन गरिएका छन् । छदिने प्रतियोगिताका खेलहरू त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा खेलाइने जनाइएको छ ।

# जिप दुर्घटनामा दुई जनाको मृत्यु

**संखुवासभा ।**
चैनपुर नगरपालिका–१ नुनढाकीमा जिप दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको छ । दुर्घटनामा तीन जना घाइते भएका छन् ।

चैनपुरबाट बिहीबारेतर्फ जाँदै गरेको प्र १–००१ च ८२४७ नम्बरको जिप चैनपुर–१ नुनढाकी नजिक दुर्घटना भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक कुमारप्रसाद मैनालीले जानकारी दिए । मृतकको पहिचान खुल्न सकेको छैन ।

दुर्घटना लगत्तै सशस्त्र प्रहरी नं ४ गुल्म चैनपुरका प्रहरी नायव उपरीक्षक बाबुराम पौडेल, इलाका प्रहरी कार्यालय चैनपुरका प्रहरी निरीक्षक पर्शुराम राईसहितको टोली घटनास्थल पुगेको छ । घाइते सबैको उद्धार गरेर प्राथमिक स्वास्थ्य केन्द्र चैनपुर लगिएको प्रहरीले जनाएको छ ।

# समाचार र सूचनालाई विश्वसनीय बनाउन आग्रह




**काठमाडौँ ।**
मिथ्या सूचनाविरुद्ध आयोजित दुईदिने सम्मेलन भएको छ । सम्मेलनले समाचार र सूचनालाई थप विश्वसनीय बनाउन तथ्यलाई आधार बनाउन तथा हल्लाको पछि नलाग्न आग्रह गरेको छ ।

त्रिभुवन विश्वविद्यालयको पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग र सेन्टर फर मिडिया रिसर्च नेपाल (सिएमआर–नेपाल)ले काठमाडौँमा आयोजना गरेको सम्मेलनमा विज्ञ तथा अध्येताले प्रविधिमा भएको पहुँचले अत्यधिक मिथ्या सूचना आए पनि तिनलाई छनोट गरी तथ्यलाई मात्र विश्वास गर्न जरुरी रहेको बताए ।

मिथ्या सूचनाले समाजका सबै क्षेत्रलाई प्रभावित पारेको उल्लेख गर्दै विज्ञहरुले मिथ्या सूचना विरुद्धको प्रतिकारका लागि प्रविधि र समयको गति बुझ्नुपर्ने तथा सूचना साक्षरता बढाउनुपर्ने आवश्यकता औँल्याएका छन् ।

सम्मेलनमा राजनीतिशास्त्री हरि शर्माले राजनीतिलगायत सबै क्षेत्रमा मिथ्या सूचनाको प्रभाव परेको उल्लेख गर्दै आँखाले देखेको कुरासमेत सही नहुने अवस्था रहेको बताए । प्रश्न सकिए लोकतन्त्र मर्ने धारणा राख्दै उनले प्रश्न सकिए मिथ्या सूचनाले स्थान पाउने बताए ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन